मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शहीद बासुदेवका पिता कृष्णप्रसाद घिमिरेको निधन

हेटौंडा, १५ मंसिर/सहिद बासुदेव घिमिरेका पिता कृष्णप्रसाद घिमिरेको निधन भएको छ । मकवानपुरगढी गाउँपालिका-५ कञ्चनथलीस्थित आफ्नै निवासमा सोमबार बिहान २ बजेको समयमा निधन भएको उनका आफन्त राजकुमार घिमिरेले जानकारी दिएका छन् । सहिद बासुदेव घिमिरे प्रतिष्ठानका अध्यक्षसमेत रहेका राजकुमारले श्वासप्रश्वास, फोक्सोमा सङ्क्रमणलगायत समस्याबाट पीडित कृष्णप्रसादको ८७ वर्षको उमेरमा निधन भएको बताए । बासुदेव घिमिरेको नाममा निर्माणाधीन अर्धकदको प्रतिमा सहितको प्रतिष्ठान सञ्चालनमा आएको हेर्ने उनको सपना अधुरै रहेको छ । उनले प्रतिष्ठानका लागि डेढ कठ्ठा जग्गा उपलब्ध गराएका थिए । २०६२/६३ को जनआन्दोलनमा सहभागी हुने क्रममा काठमाडौंको कलंकीमा वासुदेव घिमिरेले सहादत प्राप्त गरेका थिए । २०७२ सालको भूकम्पले कृष्णप्रसादको घर क्षतिग्रस्त भएपछि नेपाली कांग्रेसले भवन निर्माण गरिदिएको थियो । कृष्णप्रसादका तीन छोरा र एक छोरी छन् ।

### स्थानीय भन्छन्: हामी सडक विस्तारको पक्षमा छौं तर, उचित क्षतिपूर्ति चाहियो

# घरधनी र व्यवसायीको मागप्रति दल र जनप्रतिनिधिको ऐक्यवद्धता

मनिल महतो

हेटौंडा, १५ मंसिर/ मंसिर २० गतेदेखि हेटौंडामा हुने सडक विस्तार आयोजनाका कारण प्रभावित भएका स्थानीयवासी आन्दोलित भएका छन् ।

सोमबार २५ गज सीमा क्षेत्रमा पर्ने घरधनी भेला भएर राज्यले उचित क्षतिपूर्ति नदिएसम्म सडक विस्तारकार्य रोक्ने चेतावनी दिएका छन् । प्रभावितले आफूहरु सडक विस्तारको पक्षमा रहेको स्पष्ट पार्दै कसैलाई पनि सुकुम्बासी बनाउन नपाइने बताएका छन् । हालसम्म सडक डिभिजन, जिल्ला प्रशासन र हेटौंडा उपमहानगरपालिका कसैले पनि वास्तविक पीडितसँग वार्ता नगरेको उनीहरुले आरोप लगाएका छन् । राज्यले मुआब्जा वितरण गरिसकिएको भन्ने दावीलाई खण्डन गर्दै पीडितले त्यसको प्रमाण पेश गर्न माग गरेका छन् ।

सोमबार उद्योग वाणिज्य संघ अगाडि भेला भएका घरधनीले प्रभावित क्षेत्रका व्यवसायीलाई पनि व्यवसाय बन्द गरेर विरोधमा सहभागी हुन आग्रह गरेका थिए । तर, व्यवसायीले केही समयका लागि पसल बन्द गरेपनि पछि सबै पसल खुलेका थिए । सडक विस्तार निश्चित भएपछि व्यवसायीले विभिन्न सामानमा सेल लगाएका छन् । राप्तीरोडका ब्यवसायीले दिनभर सेलमा सामान बिक्री गरिरहेका छन् । जुत्ता, चप्पल, ब्याग, लत्ताकपडालगायत सामग्री कम मूल्यमा बिक्री गर्दा राप्तीरोड क्षेत्रमा किनमेल गर्ने



ग्राहकको भिड देखिएको थियो । यसअघि बैंकरोडका फर्निचर व्यसायीले सेलमा फर्निचरका सामान बिक्री गरेका थिए ।

**प्रभावित व्यवसायीको उचित व्यवस्थापन र पर्याप्त समय चाहियो**

हेटौंडा बजारको राजमार्गक्षेत्रका मागप्रति मकवानपुरका राजनीतिक दल र जनप्रतिनिधिले ऐक्यवद्धता जनाएका छन् । सडक डिभिजनले हेटौंडा उपमहानगर पालिका-१५ स्थित रातोमाटेदेखि सामरी पुलसम्म र बुद्धचोकदेखि राप्ती पुलसम्म सडक चौडा गर्न सूचना जारी गरेसँगै आन्दोलित बनेका घरजग्गा धनी र व्यवसायीको मागप्रति राजनीतिक दल र जनप्रतिनिधिले ऐक्यवद्धता जनाएका हुन् ।

मकवानपुर उद्योग वाणिज्य संघले सोमबार हेटौंडामा आयोजना गरेको छलफलमा राजनीति दलका प्रमुख एवम् प्रतिनिधि र जनप्रतिनिले मुआब्जा र क्षतिपूर्ति नपाएका घरजग्गा धनीलाई मुआब्जा र क्षतिपूर्ति दिनुपर्ने माग गरेका छन् । साथै प्रभावित व्यवसायीको उचित व्यवस्थापन र पर्याप्त समय दिएर मात्र सडक डिभिजनले सडक चौडा गर्ने कार्य अगाडि बढाउनुपर्नेमा दलहरु र जनप्रतिनिधि एकमत भएका हुन् । सडक डिभिजनले हेटौंडा उपमहानगरपालिका-१५ स्थित रातोमाटेदेखि सामरी पुलसम्म र बुद्धचोकदेखि राप्ती पुलसम्म सडकको केन्द्र भागबाट दायाँबायाँ २५/२५ गज सडक चौडा गर्ने भन्दै १५ दिने सूचना जारी गरेको छ ।

प्रभावित घरजग्गाधनीले अदालतको आदेश कार्यान्वयन नगरी सडक डिभिजन हेटौंडाले भ्रम सिर्जना गर्ने गरी सूचना जारी गरेर आतंकको वातावरण निर्माण गरेको आरोप लगाएका छन् । घरजग्गा धनीले सडक चौडा गर्नुपूर्व मुआब्जा र क्षतिपूर्तिको मागसँगै व्यवसायीको उचित व्यवस्थापन गर्न माग गर्दै आएका छन् । घरजग्गा धनी र व्यवसायीले आफूहरु विकास विरोधी नभएको भन्दै छलफलमा विकासका नाममा सडकमा पुऱ्याउने र सुकुम्वासी बनाउने सरकारको कार्यप्रति आपत्ति जनाएका हुन् ।

छलफलका बागमती प्रदेशसभा सदस्यहरु एकालाल श्रेष्ठ, प्रेमबहादुर पुलामी र लक्ष्मी श्रेष्ठले घरजग्गा धनी र व्यवसायीको उचित मागको संवोधन गरेरमात्र सडक विस्तार गर्नुपर्ने भन्दै नागरिकलाई सुकुम्वासी बनाउने सरकारको कार्य स्वीकार्य नहुने बताए । नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, नेकपा एमालेका फुर्वादोर्जे लामा, नेपाली कम्युनिष्ट पार्टीका विजय गौतम, राष्ट्रिय स्वतन्त्र पार्टीका विष्णु दाहाल र किशोर अर्याल, राष्ट्रिय प्रजातन्त्र पार्टीका सागर थापालगायतले मुआब्जा र क्षतिपूर्ति दिने वा विकल्पको प्रयोग गर्नुपर्ने भन्दै मुठभेडको अवस्था नबनाउन स्थानीय प्रशासनलाई आग्रह गरेका थिए ।

संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको अध्यक्षतामा भएको छलफलमा संघका पूर्वअध्यक्षहरु उत्तम शर्माढकाल, भुवनलाल श्रेष्ठ, कृष्ण कटुवाल, घरजग्गा धनी रामहरि न्यौपानेलगायतले सडक विस्तारका नाममा आतंक सिर्जना गर्ने कार्य गरेको भन्दै घरजग्गाको उचित मुआब्जा र क्षतिपूर्ति पाउनुपर्ने बताए । यसअघि ११ वटा दलले घरजग्गा धनीले मुआब्जा पाउनुपर्ने जनाएका थिए । ती दलहरुले आइतबार जिल्ला प्रशासन कार्यालयमा ध्यानाकर्षणपत्र बुझाउँदै सडक सीमाभित्र पर्ने घरजग्गाको वास्तविक पीडितलाई मुआब्जाको व्यवस्था गर्न भनिएको छ ।

सडक डिभिजन कार्यालयले मंसिर ५ गते सूचना जारी गर्दै १५ दिनभित्र सडक सीमाक्षेत्रमा पर्ने घरटहरालगायत संरचना हटाउन आग्रह गरेको छ । १९ गतेसम्म घरटहरा नहटाएमा २० गतेदेखि सडक विस्तारका लागि डोजर चलाउने तयारी गरिएको छ ।

# एकजिल्ला एक स्वस्थ्य सहर कार्यक्रमको उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ बागमती प्रदेशमा एक जिल्ला एक स्वस्थ्य सहर कार्यक्रमको उद्घाटन् गरिएको छ । प्रदेशको स्वास्थ्य मन्त्रालयको आयोजनामा भएको कार्यक्रमको उद्घाटन मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गरेका हुन् ।

एक स्वस्थ शहर, एक स्थानीय तह एक नमूना स्वास्थ्य संस्था, प्रदेश स्वास्थ्य सहजकर्ता लगायत कार्यक्रमको पैरवी, समन्वय र अन्तरक्रिया कार्यक्रमको उद्घाटन गरिएको हो । कार्यक्रममा मुख्यमन्त्री बानियाँले हरेक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन प्रदेश सरकार प्रत्यत्नशील रहेको बताएका छन् । उनले नागरिकको स्वास्थ्यलाई केन्द्रमा राखेर काम भइरहेको बताएका हुन् । मुख्यमन्त्री बानियाँले नागरिक स्वस्थ्य भए मात्र समाज र राष्ट्र स्वस्थ्य हुने भन्दै स्वास्थ्य सेवालाई प्रभावकारी बढाउन प्रदेश सरकारले स्वास्थ्य नीति बनाएर काम गरिरहेको बताए ।

प्रदेश सरकारले यहाँ 'एक जिल्ला एक स्वस्थ्य सहर' कार्यक्रम सञ्चालन गर्न लागेको छ । प्रदेश सरकारले स्वास्थ्य सेवाक्षेत्रलाई विशेष प्राथमिकता दिएर 'एक जिल्ला एक स्वस्थ सहर', 'एक स्थानीय तह एक नमूना सहर', 'एक विद्यालय एक नर्स' तथा स्वास्थ्य बीमालगायत कार्यक्रम अघि बढाएको उनले बताए । मुख्यमन्त्री बानियाँले गुणस्तरीय सेवामार्फत स्वस्थ्य प्रदेश बनाउन क्यान्सर, हृदयरोग तथा डायलासिस सेवालाई बिस्तार गरिएको उल्लेख गरे ।

त्यसैगरीस्वास्थ्य मन्त्री किरण थापामगरले सीमित साधन स्रोतका कारण अस्पतालहरु सञ्चालनमा समस्या भइरहेको बताए । मन्त्री थापाले स्वास्थ्य संस्थालाई व्यवस्थितरुपमा सञ्चालन गर्न तीनवटै तहकार सरकारबीच सहकार्य आवश्यक रहेको बताए । 'तीनवटै तहले स्वास्थ्यक्षेत्रमा बजेट बनाउँदा कतिपय कार्यक्रममा दोहोरोपन देखिएको छ, हामी तीनवटै तहका जनप्रतिनिधि बसेर कार्यक्रम बनाउने हो भने दोहोरोपन हुँदैन', उनले बताए । प्रदेश सरकारले स्वास्थ्य क्षेत्रका लागि सशर्तका बजेट पठाउँदा पनि कतिपय गाउँपालिकामा ती बजेट खर्च नभएका उनले बताए ।

केन्द्र, प्रदेश र संघीय सरकारले कुनकुन कार्यक्रम कसरी सञ्चालन गर्ने भन्ने योजना बनाएर कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिए । प्रदेश सकारले स्वास्थ्य क्षेत्रको विकासका लागि धेरै काम गरेको भए पनि त्यो अझै अपुग नै भएको मन्त्री थापाले बताए । कतिपय स्थानीय तहले सञ्चालन गरेको अस्पतालमा प्रदेश सरकारले उपकरण र जनशक्ति पठाइरहेको उनले जानकारी दिए ।

स्थानीय सरकारलाई प्राथमिकतामा राखेर कार्यक्रम र योजना बनाउनु पर्ने उनको धारणा छ । 'प्रत्यक्ष भेटिने सकार स्थानीय सरकार हो, देखिने सरकार भनेको प्रदेश सरकार हो, लेखिने सरकार भनेको संघीय सरकार हो', उनले भने । कार्यक्रममा बागमती प्रदेशका १३ वटै जिल्लाका पालिका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत तथा जनप्रतिनिधिको सहभागिता रहेको स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतमले जानकारी दिइन् ।

## बुद्धचोकमा दीपप्रज्ज्वलन




साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ विश्व एड्स दिवसको पूर्वसन्ध्यामा हेटौंडाको बुद्धचोकमा दीपप्रज्ज्वलन कार्यक्रम भएको छ । बागमती प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा भएको कार्यक्रममा एएचएफ नेपाल, युएनडिपी, जिडब्लुपि, एमपिजि, एमएमयुएस, सियान, एमआरजि लगायत विभिन्न आईएनजिओ/एनजिओको सक्रिय सहभागिता रहेको थियो ।

निर्देशनालयका निर्देशक डा.नरेन्द्रकुमार झाको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा उनले यसवर्षको विश्व एड्स दिवसको नारालाई विशेषरुपमा उल्लेख गर्दै 'अवरोधहरु पार गरौं, एड्स प्रतिकार रुपान्तरण गरौं' को सन्देश सबैमा प्रवाह गरे । देशले निर्धारित गरेको राष्ट्रिय लक्ष्य हासिल गर्न सबै सरोकारवालाको संयुक्त प्रयास आवश्यक रहेको उनले बताए । कार्यक्रममा उल्लेख्य संख्यामा स्थानीयवासी, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा सरोकारवालाको उपस्थिति रहेको थियो ।

बागमती प्रदेशका एचआईभी फोकल पर्सनले प्रदेशको एचआईभीसम्बन्धी ताजा तथ्यांक साझा गर्दै वर्तमान अवस्थाबारे जानकारी गराउँदा सहभागी अझै सचेत र संवेदनशील बनेका थिए । यस कार्यक्रममार्फत् समुदायमा एचआईभी/एड्स सम्बन्धी जागरुकता अभिवृद्धि गर्न तथा भेदभाव कलंक अन्त्यका लागि सबैले हातेमालो गर्नुपर्ने सन्देश प्रवाह गरिएको आयोजकले जनाएका छन् । विश्व एड्स दिवस हरेक वर्ष डिसेम्बर महिनाको १ तारिखका दिनमा मनाइन्छ । यो दिवस मनाउने निर्णय सन् १९८८ मा संयुक्त राष्ट्र संघीय महासभाले गरेको हो ।

## सडक विस्तार शीघ्र अघि बढाउन ट्रक व्यवसायी महासंघको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ नेपाल ट्रक यातायात व्यवसायी महासंघले नारायणगढ-हेटौंडा र पथलैया-हेटौंडा सडक विस्तार कार्यलाई यथाशीघ्र अघि बढाउन सरकारलाई आग्रह गरेको छ ।

हेटौंडाक्षेत्र वर्षौंदेखि अत्यधिक ट्राफिक चाप, अव्यवस्थित पार्किङ र साँघुरो सडकका कारण जटिल बन्दै गएकाले सडक विस्तार अब अपरिहार्य बनेको महासंघले जनाएको छ ।

हेटौंडा बागमती प्रदेशको राजधानी भएर पनि सडक सुविधाको अभावमा नागरिक र व्यवसायी दिनहुँ समस्यामा परेको महासंघका महासचिव राजेन्द्रविक्रम बानियाँले बताएका छन् । विसं २०१२-१३ सालमा निर्माण भएको हालको सडक वर्तमान आवश्यकता पूरा गर्न नसकेकाले विस्तारलाई ढिलाइ गर्न नहुनेमा महासंघले विशेष जोड दिएको छ ।

यातायात चाप बढ्दै जाँदा दुर्घटना जोखिम समेत बढेको परिस्थितिमा विस्तार कार्यलाई छिटो, प्रभावकारी र योजनाबद्धरुपमा अघि बढाउनु आजको आवश्यकता भएको जारी विज्ञप्तीमा भनिएको छ । यसैबीच मंसिर ५ गते गोरखापत्रमा प्रकाशित सडक डिभिजन कार्यालयको सूचनामा हेटौंडा-१५ रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको दायाँ-बायाँ २५-२५ गजभित्रका संरचना हटाइने जानकारी दिइएको थियो । यो सूचनाले स्थानीयवासी र व्यवसायीमा चासो उत्पन्न भएको छ ।

सडक विस्तार छिटो गर्नुपर्ने धारणा राख्दै आएको महासंघले प्रभावित सम्पत्तिधनीको अधिकार संरक्षण पनि राज्यले गर्नैपर्ने भन्दै कानुनअनुसार उचित मुआब्जा, क्षतिपूर्ति र पुनर्स्थापनाको व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ ।

महासंघले सडक विस्तार अब ढिलो नगरोस्, तर, प्रभावितको हकहितलाई सम्मान गर्दै अघि बढोस् भन्ने सन्देशसहित दुवै पक्षको हित सुनिश्चित गर्ने संयमित प्रक्रिया अपनाउन सरकारलाई सुझाव दिएको छ ।

**गोदाम भाडामा**

हेटौंडा-२ संगमचोक फापरबारी बसपार्कसँगै कम्पाउण्ड सहित सटर गोदाम भाडा उपलब्ध छ । भाडामा लिन ईच्छुकले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८५५०६७१०१**

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

**सम्पर्क नं. ९८५५०७२१०९**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# घर भत्काएपछि डिपिआर ?

हेटौंडा बजारको सडक बिस्तार गर्दा ५३१ घरटहरा भत्कने भएको छ । करिब ४२ सय ब्यवसायी बिस्थापित हुने भएका छन् । करिव २ दर्जन घर पूरै सडकसीमाभित्र परेको छ । हेटौंडा उपमहानगरभित्र पर्ने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्र रेखादेखि २५-२५ गजभित्र बनेका स्थायी तथा अस्थायी प्रकृतिका ५३१ घरटहरा भत्किने सडक डिभिजन कार्यालय हेटौंडाले आइतबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो । सडकको दायाँतर्फ २ सय ३४ र बायाँतर्फ २ सय ९७ संरचना भत्किने जानकारी दिएको हो । डिभिजन कार्यालयका अनुसार रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म ६ दशमलव ३ किलोमिटर र बुद्धचोकदेखि सामरी पुलसम्म ३ दशमलव २ किलोमिटर गरी कुल ९ दशमलव ५ किलोमिटर क्षेत्रमा सडक विस्तार हुनेछ । हालसम्म कार्यालयमा सडक विस्तारबाट पूर्णरुपमा घरबिहिन हुन्छु भनेर कसैले पनि निवेदन दिएको छैन । सडक विस्तारको लागि आवश्यक इक्युप्मेन्ट तयारी अवस्थामा रहेको र सरकारी निकायदेखि राजनीतिक दल, सुरक्षा संयन्त्रसँग पर्याप्त मात्रामा छलफल भइरहेको बताइएको छ । २५ दिनभित्र संरचना भत्काइसक्ने र त्यसपश्चात डिपिआर बनाएर अघि बढ्ने डिभिजन सडक कार्यालयले जनाएको छ । यसको मतलव सडक भत्केपछि डिपिआर बन्न ८-१० महिना लाग्छ र हामीले करिव एक वर्ष धुलो, हिलो खण्डहरको परिणाम भोग्नुपर्ने हुन्छ । सडक विस्तारको क्रममा निस्कने फोहोरलाई उचित तरिकाले व्यवस्थापन गरिने बताइए पनि बजार क्षेत्र अस्तब्यस्त हुने निश्चित छ ।

बजार क्षेत्र भत्काएर अलपत्र छोडिने सम्भावना पनि देखिन्छ । बजार भत्काउनेबित्तिकै पुननिर्माण सुरु हुने सम्भावना छैन । डिपिआर बनाउन निकै समय लाग्न सक्छ । यसले हेटौंडाबासीलाई थप तनाव दिने सम्भावनाका बारेमा पनि बेलैमा बहस गरेको राम्रो । सर्वोच्च अदालतको मिति २०८० पुस १७ गतेको फैसलालाई टेकेर आफूहरुले काम गरेको जानकारी दिइएको छ । बजारको संरचना भत्काउने क्रममा धार्मिक आस्थासँग जोडिएको संरचनालाई क्षति नपुऱ्याउने स्पष्ट पारिएको छ । सडक विस्तारको क्रममा पछि स्थानान्तरण गर्ने र वातावरणीय प्रभावलाई समेत ध्यान दिएर काम अघि बढाउने बताइएको छ । मंसिर १९ गतेसम्म घरधनी र व्यवसायीले आफ्नो व्यवस्थापन गरिसक्ने विश्वास ब्यक्त गर्दै तोकिएको अवधिसम्ममा सरंचना खालीनगरे कानुनी कारबाहि प्रक्रिया अगाडि बढाउने डिभिजन सडक कार्यालयले जनाएको छ । सार्वजनिक सडक ऐन २०३१, सार्वजनिक सडकको व्यवस्थापन र जग्गा अधिग्रहण दिग्दर्शन, २०५९ र सर्वोच्च अदालतको फैसलाको कानुनी आधारमा सडक सीमा संरक्षण हुने बताइएको छ । मुद्दा फैसलाको तथ्यांकका आधारमा सडक सीमाक्षेत्रमा निर्मित घर, संरचनाका धनीबाट ३ सय ४३ वटा मुद्दा दायर भएको उल्लेख छ । यो तथ्यांक हेर्दा घरधनीले अदालत धाइरहने र सडक डिभिजनले घर भत्काउन सूचना निकालीरहने अवस्था आएको थियो । जुनसुकै हालतमा सडक फराकिलो हुनु जरुरी छ । तर, जनता सुकुम्बासी नबनाइकन यो काम गर्नुको बिकल्प छैन । २०७३ माघ १९ गतेको उच्चअदालत पाटकको आदेश र २०८० पुस १७ गतेको सर्वोच्च अदालतको फैसलालाई आधार बनाएर सार्वजनिक सडक ऐन, २०३१ बमोजिम राष्ट्रिय राजमार्गको सीमा संरक्षण गर्नु आवश्यकता रहेको औंल्याइएको छ । दायर ९ वटा मुद्दामा उच्चअदालत पाटनको संयुक्त इजलासले 'रिट निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन' उल्लेख रहेकोलाई एउटा आधार बनाएको छ ।

२०८० असार १० गते प्रकाशित सडक विस्तारसम्बन्धी सूचनाउपर दायर रिट २०८० पुस १७ गते सर्वोच्च अदालतले खारेज गरेको र फैसलाको आदेश खण्डमा उल्लेख भएको विषय डिभिजनले उठाएको छ । तत्कालीन राजमार्ग व्यवस्था ऐन, २०२१ बामोजिम मिति २०२१/११/११ मा प्रकाशित सूचना बमोजिमको राजमार्गको क्षेत्र घोषित सडकको केन्द्रबाट दायाँ-बायाँ २५/२५ गजसम्मको जग्गाको हकमा सो ऐनको दफा ५ को प्रतिबन्धात्मक वाक्यांशको अवस्था छ भनि निवेदकले प्रमाणित गर्न सकेको अवस्था बाहेक क्षतिपूर्ति पाउने अवस्था हुँदैन, सर्वोच्चको आदेशमा भनिएको छ । सडक डिभिजनले उपलब्ध गराएको फैसलापत्रमा भनिएको छ, 'निवेदकले सो अवस्था देखाई दाबी गरेको अवस्था छैन । तसर्थ, सडक केन्द्रबिन्दुबाट दायाँ-बायाँ २५/२५ गजको हकमा क्षतिपूर्ति वा मुआब्जा दिनु नपर्ने स्पष्ट व्यवस्था रहेको छ ।' 'निवेदकले जानीजानी सडकक्षेत्र अतिक्रमण गरी घरटहरासमेतको संरचना निर्माण गरी उपभोग गरेको आधारमा सडकक्षेत्रमा निवेदकको अधिकार सिर्जना हुन नसक्ने हुँदा अतिक्रमित क्षेत्रबाट हटाउँदा निवेदकको सम्पत्तिको हक, आवासको हकसमेतको संविधानको धारा २५ र ३७ द्वारा प्रदत्त संवैधानिक हकमा प्रतिकूल असर पर्छ भन्न नमिल्ने' फैसला सर्वोच्चले गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर १७ गते बुधबार ३ डिसेम्बर २०२५ । त्रयोदशी, मार्ग शुक्लपक्ष । थिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:४० सूर्यास्त ५:०६। विश्व अपाङ्ग दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | **तुला** | : मानसिक तनाव बढ्नेछ |
| **वृष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **वृश्चिक** | : मनमा छट्पटि बढ्नेछ |
| **मिथुन** | : पवित्र कर्ममा मन जानेछ | **धनु** | : शत्रु पराजय हुनेछ |
| **कर्कट** | : घरेलु समस्याले सताउने देखिन्छ | **मकर** | : बुद्धि र पराक्रम बढ्नेछ |
| **सिंह** | : महत्वपूर्ण भेटघाट हुनेछ | **कुम्भ** | : नातागोतासँग भेटघाट हुनेछ |
| **कन्या** | : उपहार हात लाग्नसक्नेछ | **मीन** | : रोकिएको कामहरु बन्नेछ |

# पुरानो संरचनाविरुद्ध नयाँ चेतना



✍रोशन देव

नेपाल आज एउटा गहिरो ऐतिहासिक सङ्क्रमणबाट गुज्रिरहेको छ । सतहमा शान्त देखिने राजनीतिक वातावरणभित्र एक अकल्पनीय असन्तोष उम्लिरहेको छ सडकमा युवाको रोष, सामाजिक सञ्जालमा नागरिकको प्रश्न र देशभर फैलिएको शासनप्रति अविश्वासले एउटा नयाँ यथार्थ जन्माइरहेको छ । विडम्बना त के छ भने यो सबै यथार्थ आकस्मिक होइन, यो धेरै वर्षदेखि बनेर आएका गहिरा संरचनागत समस्याहरूको परिणाम हो । नेपालले राजनीतिक प्रणाली फेऱ्यो, संविधान फेऱ्यो, शासन प्रणाली फेऱ्यो, तर शासन मनोवृत्ति भने उही रह्यो । यही कारण परिवर्तनको धेरै चोटी, तर प्रगतिको झिनो धूलो मात्रै ।

हाम्रो इतिहासको घाउ अझै ताजा छ । राजतन्त्रको पतन, जनयुद्धको बलिदान, संविधानसभाको ठुलो आकांक्षा, संघीयताको आशा–यी सबैले देशलाई नयाँ यात्रामा डोऱ्याए । तर विडम्बना, देशको मुख्य संरचना अझै पनि पुरानै शक्ति-केन्द्रको कब्जामा छ । नीति बनाउनेहरू जनतालाई भन्दा आफ्नै दायरा, आफ्नै गुट, आफ्नै संरक्षित नेटवर्कका लागि नीति बनाइरहेका देखिन्छन् । शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय–जतातते सर्वसाधारणले भेट्छन् निराशा, ढिलासुस्ती, उपेक्षा र असक्षमता । यो यथार्थ कुनै एक सरकारको होइन यो धेरै दशकदेखि जरा गाडेर बसेको सत्ता-शैलीको परिणाम हो, जसमा परिवर्तनको वाचा धेरै आएको छ तर व्यवहारमा परिवर्तन भने कहिल्यै गहिरोसम्म पुग्न सकेन ।

नेपालमा अहिले सबैभन्दा बढी चोट पाएको वर्ग युवा पुस्ता हो । यो पुस्ताले देशप्रति आस्था राखेको छ, राष्ट्रप्रति गौरव राखेको छ । तर राज्यप्रति भरोसा राख्न सक्ने अवस्था भने हराइरहेको छ । शिक्षा पूरा गरेको, सीप सिकेको, विदेश नजान खोजेको युवाले पनि अन्तत: विदेश जाने टिकट लिन्छ । किनकि देशले भन्न सकेको छैन–"तिमीलाई भविष्य यहीँ छ, तिमीलाई अवसर यहीँ छ ।" लाखौं युवाहरूको सामूहिक पलायन स्वैच्छिक होइन यो नेपालले उनीहरूलाई दिने वातावरण कमजोर भएको प्रमाण हो ।

राजनीति देशको दिशा निर्धारण गर्ने क्षेत्र हो, तर यतै सबैभन्दा बढी निराशा देखिन्छ । राजनीतिक दलहरू जनताको शक्तिमा बाँच्ने भए पनि जनताबाटै टाढिंदै गएका छन् । निर्वाचनताका सुन्दै आएका वाचा–शिक्षा सुधार, स्वास्थ्य सुधार, रोजगार सृजना, उद्योग प्रवर्द्धन, पारदर्शिता–यी सबै सरकार गठन भएपछि अदृश्य हुन्छन् । नेताहरू जनताको घरको ढोकामा मत माग्न आउँछन्, तर जनताको समस्याको ढोकामा फर्केर कहिल्यै आउँदैनन् । सरकारहरू बन्छन्, बिग्रन्छन्, फेरि बन्छन्–तर शासनको स्वरूप भने सधैँ उहीह असक्षमता, स्वार्थ, उदासीनता र गैरजवाफदेहिताको मिश्रण ।

यही कमजोर शासन संरचनाविरुद्ध पहिलो ठुलो विद्रोह थियो–माओवादी जनयुद्ध । त्यतिबेलाको संघर्ष केवल राजनीतिक सत्ता हत्याउने प्रयास थिएनह त्यो सामाजिक परिवर्तनको युद्ध थियो । राज्यको मूल संरचनामा बसेको अन्याय, विभेद, सामन्तवाद, वर्गीय शोषण, जातीय भेदभाव र आर्थिक-राजनीतिक असमानताविरुद्ध जनस्तरबाट भएको ऐतिहासिक निर्णय थियो । त्यो आन्दोलनले इतिहासको दिशा बदलिदियो । राज्यको पुरानो संरचना च्यातियो, राजतन्त्र ढल्यो, नयाँ संविधान आयो, गणतन्त्र जन्मियो र देशले समावेशी संरचनातर्फ यात्रा सुरु गऱ्यो ।

तर परिवर्तनको यात्रामा एउटा ठुलो विडम्बना पनि रह्यो–संस्था फेरिए पनि संस्थाहरू चलाउने मानसिकता पुरानै संरचना र सोचले चलायो । माओवादी आन्दोलनको आदर्श धेय भनेका–समानता, वर्गीय न्याय, जनताको अधिकार, स्थानीय सशक्तीकरण, राज्य-सम्पदामा नागरिकको पहुँच–यी सबै लक्ष्य अंशत: मात्र पूरा भए । आन्दोलनका धेरै मुद्दाहरू संविधानमा समावेश त भए, तर त्यसलाई कार्यान्वयन गर्ने संरचना भने फेरबदल हुन सकेन । आन्दोलनले आफ्नो गति गुमायो, नेतृत्व सत्ता-संस्थामा पुगेपछि आन्दोलनकारी चरित्र फिक्का हुँदै गयो र परिवर्तनको गहिरो स्वरूप संस्थागत हुन सकेन ।

यही असन्तोषका छिरा, यतिका वर्षदेखि भित्रभित्र जलिरहेको निराशा, र असमानताको निरन्तरता आज फेरि नयाँ पुस्ताको हातमा पुन:जीवन पाएजस्तो देखिएको छ । अहिले नेपालमा उठिरहेको जेनजीको आन्दोलन कुनै साधारण असन्तोष होइनह यो देशले पछिल्ला ३० वर्षमा देखेको सबैभन्दा स्वाभाविक, स्वत:स्फूर्त र बौद्धिक आन्दोलन हो । यो आन्दोलन कुनै दलले चलाएको होइन, कुनै नेताले निर्देशन दिएको होइन, कुनै संगठनले नियन्त्रण गरेको पनि छैन । यो नागरिक चेतनाको उदय हो–विशेषगरी त्यही पुस्ताको, जसले सिस्टमलाई आँखाले देखेको छैन, तर प्रत्यक्ष अनुभव गरेको छ ।

यस पुस्ता राजनीतिक भाषणमा विश्वास गर्दैनह उनीहरू परिणाममा विश्वास गर्छन् । उनीहरूलाई वाचा कहिल्यै प्रभावित पार्दैनह उनीहरूलाई चाहिने हो–काम, पारदर्शिता, जवाफदायित्व, न्याय र अवसर । यही माग जब सडकमा बग्छ, तब प्रणाली नै हल्लिन्छ । सत्ता व्यवस्था आत्तिन्छ । पुराना नेतालाई नयाँ पुस्ताको आँधी अनौठो लाग्छ । किनकि यो आँधी भावनाले होइन, तथ्यले चल्छ । आँधी आवेशले होइन, तर्कले चल्छ ।

नेपालकै इतिहास हेर्दा, परिवर्तन कहिल्यै सजिलो थिएन । जनआन्दोलन २०४६ होस्, जनयुद्ध २०५२ होस्, मधेस आन्दोलन होस्–प्रत्येक परिवर्तन बलिदानको परिणाम थियो । तर आजको युवा विद्रोह बन्दुकको होइन, बौद्धिकताको हो । संघर्षको भाषा बदलिएको छ । एउटा समय थियो–नेताहरूले जनता शिक्षित छैनन् भन्थे, अब जनता भन्न थालेका छन्–'राजनीतिक नेतृत्व अपरिपक्व छ ।' इन्टरनेट, सूचना, विश्वव्यापी पहुँच, अध्ययन, तथ्य-आधारित बहस–यी सबैले नयाँ पुस्तालाई राजनीतिकरूपमा अत्यन्त सचेत बनाइदिएको छ ।

यस पुस्ता केवल सरकारविरुद्ध होइनह उनीहरूको विद्रोह सम्पूर्ण शोषण, भ्रष्टाचार, असमानता र दण्डहीन राज्य-मनोवृत्तिविरुद्ध छ । उनीहरूलाई राम्रो अस्पताल चाहिएको छ, राम्रो विद्यालय चाहिएको छ, राम्रो सडक चाहिएको छ, सुकार्य प्रशासन चाहिएको छ, न्याय चाहिएको छ, करको उचित उपयोग चाहिएको छ, र सबैभन्दा बढी–आफ्नै देशमा बस्ने भविष्य चाहिएको छ । यही कारण यो विद्रोह एकपटक उठेको विद्रोह होइन यो दीर्घकालीन परिवर्तन प्रक्रियाको सुरुवात हो ।

सरकार र दलहरूको पुरानो शैली अब टिक्ने अवस्था छैन । जनताको नजर बढिसकेको छ, सूचनाको पहुँच छ, र गलत काम छिप्याउने ठाउँ सङ्कुचित हुँदै गएको छ । राज्यको हरेक निर्णय सार्वजनिक बहसको विषय बन्छ । कुनै मन्त्रिपरिषद्को निर्णय पनि अब अँध्यारो कोठामा गुपचुप टिक्न सक्दैन । युवा पुस्ताले सरकारको हरेक घोषणा जाँच्छ, प्रत्येक वक्तव्यको तथ्य खोज्छ, र हरेक निर्णयको प्रभाव बुझेर प्रश्न सोध्छ । जब जनताको निगरानी यति बलियो हुन्छ, तब शासनको शैली बदलिनै पर्छ ।

नेपाल आज एउटा यस्तो मोडमा छ, जहाँ दुवै सम्भावना खुला छन्–देश अझै कमजोर हुँदै जाने, वा देश फेरि उठ्ने । पहिला सम्भावना तब बढ्छ जब पुरानो राजनीतिक वर्गले नागरिकको आवाजलाई पन्छाइदिन्छ, जेनुइन प्रश्नलाई 'विरोध' भनेर दमन गर्छ, युवाको मागलाई 'प्रचार' भनेर बेवास्ता गर्छ, र परिवर्तनलाई जोखिम ठानी राज्यलाई पुरानै शैलीमा चलाउन खोज्छ । तर दोस्रो सम्भावना तब हुन्छ जब यही आवाजलाई सत्ता संरचनाले सुन्छ, आत्मसमीक्षा गर्छ, परिवर्तन स्वीकार गर्छ र शासनलाई जनमुखी बनाउने साहस जुटाउँछ ।

नेपाल असफल राष्ट्र होइन नेपाल संघर्षरत राष्ट्र हो । नेपाल असफल सरकारहरू बोकेको देश हो, तर विफल जनता होइन । यहाँको जनतामा अदम्य जीवत छ, युवामा उत्साह छ, परिवर्तनको सम्झना अझै ताजा छ । यही कारण देश हरेक कठोर मोडमा फेरि उठ्न सकेको छ ।

आजको जेनजी विद्रोहमा माओवादी आन्दोलनको प्रत्यक्ष विरासत छ–समानताका लागि जागरण, अन्यायविरुद्ध प्रतिरोध, र राज्य नागरिकको हो भन्ने बोधको निरन्तरता । भिन्नता शैलीमा मात्र छ–पहिले बन्दुक उठाइयो, आज कलम, तथ्य, प्रश्न, मञ्च र डिजिटल शक्ति उठाइएको छ । र यो परिवर्तनको ऊर्जा अब रोकिनेछ भन्ने आड कसैले गर्न मिल्दैन ।

नेपालका नेताहरूले बुझ्नुपर्ने कुरा एक हो–देश तब मात्र बलियो हुन्छ जब नागरिक बलियो हुन्छन् । नागरिक तब बलियो हुन्छन् जब उनीहरूलाई अधिकार, अवसर, न्याय र सम्मान प्राप्त हुन्छ । तर अहिले सबैभन्दा ठुलो विडम्बना यही छ–अधिकार कागजमा छ, अवसर विदेशमा छ, न्याय अदालतको जालोमा छ, र सम्मान नेताको भाषणमा मात्र छ । तर इतिहास सधैँ एकै दिशामा बग्दैन । कहिलेकाहीँ जनता उठेपछि इतिहासको दिशा नै परिवर्तन हुन्छ । नेपाल अहिले यस्तै क्षणबाट गुज्रिरहेको छ । प्रश्न उठेको छ–देशले फेरि अधुरो परिवर्तनको चक्र दोहोऱ्याउने छ कि यसपटक परिवर्तन अन्तत: गहिरोसम्म पुग्नेछ ? देश फेरि पुरानै हातमा फर्कनेछ कि जेनजीको चेतना नयाँ युग जन्माउनेछ ?

उत्तर निकट भविष्यले दिन्छ, तर संकेत स्पष्ट छ–यो पुस्ता जागिसकेको छ । जागरण एकपटक सुरु भएपछि, परिवर्तन केवल समयको कुरा हुन्छ । नेपाल असफल हुने देश होइन नेपाल फेरि उठ्ने शक्ति बोकेको देश हो–यदि जनताले आफ्नो आवाज निरन्तर उठाइरहे भने । यो समय केवल राजनीतिक आलोचना गर्ने समय होइनह यो समय देशको संरचना नै नयाँ रूपमा कल्पना गर्ने समय हो । यदि हामी सबैले यसलाई थाम्न सके यही कल्पना, यही ऊर्जा, यही विद्रोह नै नेपालको नयाँ भविष्य लेख्ने शक्ति बन्न सक्छ ।

*(साभार: रातोपाटी)*

# यसर्थ, विकास र समृद्धिमा ढिलाइ

✍राजु श्रेष्ठ

यतिबेला नेपाल गहिरो द्विविधामा छ । एकातिर विशाल हिमश्रृंखला, अपार जल सम्पदा, वनसहितको प्राकृतिक सुन्दरताले उच्च पर्यटकीय सम्भवना, ठूलो संख्यामा युवा तथा सस्तो जनशक्ति, नजिकै ठूला बजारका कारण यहाँ सम्भावनाको कुनै अभाव छैन । अर्कोतिर चरम राजनीतिक अस्थिरता, भ्रष्टाचार, कमजोर र गैरजिम्मेवार प्रशासनिक संरचना, निम्न औद्योगिक उपस्थिति र रूपान्तरित आर्थिक मोडेलको अभावका कारण विकासले अपेक्षित गति लिन सकेको छैन । नेपालसँग जति प्राकृतिक, भौगोलिक, जनसांख्यिक र बजारको सम्भावना छ, त्यो विश्वका थोरै देशसँग मात्र छ । दुई विशाल अर्थतन्त्र (भारत ३.५ ट्रिलियन डलर र चीन १८ ट्रिलियन डलर) को बीचमा अवस्थित यहाँ ८३ हजार मेगावाटभन्दा बढी जलविद्युत्को सम्भावना, विश्वकै उत्कृष्ट हिमाली एवम् वाइल्ड लाइफ पर्यटन, ३ करोड १० लाख जनसंख्यामध्ये ६० प्रतिशतभन्दा बढी काम गर्न सक्ने १६-५९ वर्ष उमेर समूह, खुला अर्थतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्र जस्ता सूचकलाई हेर्दा नेपाल मध्यम आय भएको देशको स्तरमा १५ वर्षअघि नै पुगिसकेको हुनुपर्थ्यो । तर, अहिलेसम्म पनि नेपाल अतिकम विकसित देश (एलडीसी)को सूचीमा छ । सन् २०२६ मा नेपालको स्तरोन्नती हुने तयारी छ । तर, जेन-जी आन्दोलन पश्चात् अतिकम विकसित देशको सूचीबाट स्तरोन्नती हुने सम्भावना भने कमजोर बन्दै गएको छ । यस अर्थमा 'किन बनेन नेपाल ?' भन्ने प्रश्नभन्दा पनि नेपाल कहिले बन्छ ? भन्ने प्रश्न आगामी दिनमा अगाडि आउन सक्छ । नेपालको यस्तो अवस्था आउनुका पछाडि विविध कारण भए पनि मूल कारण भने राजनीतिक अस्थिरता, राजनीतिक-प्रशासनिक क्षेत्रमा संस्थागत भ्रष्टाचार, नीतिगत निरन्तरताको अभाव, खर्चिलो संघीयता र असफल कार्यान्वयन, प्रशासनिक अक्षमता, युवामा निराशा र 'नेपालमा केही हुँदैन' भन्ने सामाजिक मानसिकता हो ।

### राजनीतिक अस्थिरता

२०६२/६३ को जनआन्दोलनपछि नेपालमा १५ पटक सरकार परिवर्तन भएका छन् । एउटा प्रधानमन्त्रीको औसत कार्यकाल १२ महिनाभन्दा कम रहेको देखिन्छ । यही अस्थिरताका कारण नेपालले निकै महँगो मूल्य चुकाउँदै आउनु परेको छ । विश्व बैंकको नेपाल डेभलपमेन्ट अपडेट-२०२५ मा 'बारम्बारको सरकार परिवर्तनले नीतिगत निरन्तरतामा बाधा पुऱ्याएको र यसकै कारण महत्वपूर्ण सुधारहरूमा ढिलाइ भएका छन्,' भन्दै नेपालको राजनीतिक अस्थिरतालाई मुख्य समस्याका रूपमा औंल्याइएको छ । राजनीतिक अस्थिरताले देशमा नीतिगत स्थायित्व छैन, राजनीतिक दलको नेतृत्व तहमा मत एकता छैन, सरकारप्रति जनताको भरोसा कमजोर बन्दै गएको छ । यस किसिमको संरचनात्मक समस्याले दीर्घकालीन रूपमा आर्थिक र सामाजिक विकासका लागि अनुकूल वातावरण बनाउन बारम्बार अवरोध सिर्जना गर्दै आएको छ । जेन-जी आन्दोलन पश्चात् नेपालको सो संरचना अझै कमजोर बनेको छ । अब के हुन्छ ? भन्ने अन्योलपूर्ण अवस्था छ ।

### निर्माणमा ढिलाइ र लागत वृद्धि

हुलाकी राजमार्गअन्तर्गतको कन्काई पुल निर्माण कार्य १४ वर्षदेखि अलपत्र परेपछि हालै ठेक्का रद्द गरिएको छ । पुल निर्माणका लागि २०६८ जेठ ३१ मा 'डिजाइन एण्ड विल्ड' मोडेलमा ठेक्का सम्झौता भएको थियो । २०७२ जेठ ३० गतेभित्र कार्य सम्पन्न गर्ने शर्त राखिएको भए पनि निर्धारित मितिमा पुल सम्पन्न भएन । पाँचपटक ठेक्काको म्याद थप्दा पनि प्रगति ५६ प्रतिशत मात्रै रहेको भन्दै सरकारले लक्षित अवधिको १० वर्षपछि ठेक्का रद्द भएको हो । ३४ करोड ९ लाख रुपियाँको परियोजना सम्पन्न गर्न डेढ दशक लाग्नु भनेको विकासका दृष्टिकोणबाट अक्षम्य अपराध हो । ठेक्का रद्दसँगै सरकारले निर्माण कम्पनीको १ करोड ७१ लाख रुपियाँ कार्यसम्पादन जमानत जफत गर्ने भएको छ । के १/२ करोड रूपियाँले देश र जनताको डेढ दशक समय किन्न सकिन्छ ? यो एउटा गम्भीर प्रश्न हो । यदि, २०७२ सालमै पुल सम्पन्न भएको भए त्यस क्षेत्रको आर्थिक सामाजिक विकासमा ठूलो परिवर्तन भइसक्थ्यो । तर, अब फेरि त्यो पुल बन्न कति समय लाग्ने हो कुनै ग्यारेन्टी छैन ।

नेपालका ठूला पूर्वाधार परियोजनामा समय र लागत वृद्धि हुनु कुनै आकस्मिक वा एक/दुई व्यक्तिको समस्या होइन, यो सरकारको नीतिगत र प्रशासनिक कमजोरीबाट उत्पन्न भएको संरचनागत दोष हो । कमजोर योजना, पर्याप्त जोखिम मूल्यांकनको अभाव, राजनीतिक हस्तक्षेप, ठेक्का प्रक्रिया र अनुगमनमा देखिने अनियमितता, जग्गा अधिग्रहणका विवाद, बजेट निकासामा ढिलाइ र प्राविधिक तयारीको अपर्याप्तताले हरेक आयोजना ढिलो र महँगो बनाइदिएको छ । महालेखा परीक्षक, योजना आयोग तथा विभिन्न अध्ययनहरूका अनुसार नेपालका करिब ९० प्रतिशत ठूला आयोजना समयमै सम्पन्न हुन नसक्ने प्रवृत्ति देखिन्छ, जसले आयोजनाको लागत प्रारम्भिक अनुमानभन्दा १० गुणासम्म बढेको पाइन्छ ।

मेलम्ची खानेपानी आयोजना २०५५ सालमा सुरु भएर २०६५ सम्म सकिने अनुमान भए पनि २०८२ सालसम्म पूर्ण भएको छैन । ५ अर्ब रुपियाँभन्दा कममै निर्माण हुने अनुमानबाट बढेर ३३ अर्बभन्दा माथि पुगेको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अवधि बढ्नुका साथै ८ अर्बभन्दा लागत बढ्यो । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रारम्भिक लागत १० अर्बबाट ३० अर्बभन्दा माथि पुग्यो । माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको निर्माण अवधि ७ वर्ष बढ्यो भने लागत ३५ अर्बबाट उफ्रेर ८५ अर्बभन्दा बढीमा पुग्यो ।

यस्तै, काठमाडौं-तराई/मधेस द्रुत मार्ग २०७४ मा सुरु भएर २०८१ सम्म सकिनुपर्ने भए पनि कहिले सकने हो टंगो छैन । लागत ९८ अर्बको प्रारम्भिक अनुमानबाट बढेर २१२ अर्बभन्दा माथि पुगेको छ । हुलाकी राजमार्ग २०६६ देखि आजसम्म अपूर्ण छ, जसको लागत २५ अर्बबाट बढेर ७० अर्बभन्दा बढी पुगेको छ । सिक्टा सिँचाइ आयोजना २०६१ मा सुरु भएर २०६८ सम्म पूरा हुने भनियो लागत ६ अर्बबाट बढेर २५ अर्बभन्दा बढी पुऱ्याइयो र आयोजना अझै पूर्ण रूपमा सञ्चालनमा आएको छैन । यी उदाहरणले पुष्टि गर्छन् कि नेपालका ठूला पूर्वाधार आयोजना प्राय: सबैमा लागत कयौं गुणा बढ्ने र निर्माण अवधि २५ वर्षसम्म लम्बिने प्रवृत्ति स्थायी जस्तै बनेको छ । सरकारले 'राष्ट्रिय गौरव' भन्दै प्राथमिकतामा राखेका परियोजनाहरू पनि वर्षौंसम्म ढिलाइ हुँदा लागत वृद्धि मात्रै होइन त्यसको प्रयोजन नै समाप्त हुने स्थितिसमेत अवस्था सिर्जना भएका कयौं घटना छन् । नेपालमा प्राय: सबै ठूला आयोजना गलत ठाउँबाट सुरू हुन्छन् । कम लागत देखाएर ठेक्का लिने प्रवृत्ति उच्च छ । त्यसबाहेक विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) कमजोर, जोखिम मूल्यांकन अधुरो, भूगर्भीय अध्ययन सतही हुने आरोप लाग्दै आएको छ । स्रोतको सुनिश्चितता नभई ठेक्का आह्वान गर्ने, डिजाइन फेरबदल गर्ने, साइट क्लियरेन्स नगर्ने, ठेक्का पुन: सम्झौता गर्ने जस्ता प्रवृत्ति पनि धेरै नै हुने गरेको छ ।

जग्गा अधिग्रहण समस्या अर्को पुरानो रोग हो । मुआब्जा विवाद, फर्जी हकवाला, रुख कटान अनुमति प्राप्त गर्न वर्षौं कुर्नुपर्ने, सरोकारवालाको नाममा अवरोध जस्ता कारणले पनि परियोजनाको अवधि र लागत वृद्धिको प्रमुख कारण हो । नेपालमा परियोजनाको नेतृत्व सरकारको स्थायित्व जत्तिकै अस्थिर हुन्छ । सरकारसँगै प्राथमिकता बदलिन्छ, नीति र जिम्मेवारी दुवै चलायमान हुँदा परियोजना स्थिर हुँदैन । कमिसनको छायाँ त छँदै छ 'सबैभन्दा कम मूल्य' का नाममा अक्षम ठेकेदार छान्ने परम्परा दशकौं पुरानो हो । त्यस्ता निर्माण कम्पनीको काम सुस्त, गुणस्तर कमजोर, म्याद निरन्तर थप्न दबाब र कतिपय बीचमै भाग्ने हुन्छन् ।

नेपालमा विकास बजेटको ४० प्रतिशतभन्दा बढी रकम आर्थिक वर्षको अन्तिम चौमासिकमा मात्रै खर्च हुन्छ । यस्तो प्रवृत्तिले न त निकासा समयमै आउँछ, न त योजना स्पष्ट हुन्छन् । वर्षभरि रोकिएको काम वर्षको अन्त्यमा हतार-हतार गरिँदा गुणस्तर झनै खस्किन्छ । निर्माण बन्द हुँदा ठेकदारलाई दिनुपर्ने क्षतिपूर्ति, पुन:निर्माण खर्च, मूल्यवृद्धि सबैले लागत थप्छ । नेपालका पूर्वाधार परियोजनामा समय र लागत वृद्धि कुनै आकस्मिक समस्या होइन, यो योजनादेखि कार्यान्वयनसम्मको प्रणालीगत विफलता हो । ठोस नीतिगत सुधार, व्यावसायिक योजना प्रणाली, राजनीतिक हस्तक्षेप नियन्त्रण, मजबुत नियमन र पारदर्शी ठेक्का व्यवस्थापनबिना यो समस्या समाधान हुने संकेत देखिँदैन ।

### उत्पादनभन्दा उपभोग बढी

नेपालको आर्थिक मोडेल प्राय: उत्पादन र निर्यातमा आधारित नभई, आयातमा आधारित, रेमिट्यान्स र सेवामुखी ढाँचामा बनेको देखिन्छ । सरकारले तयार गर्ने आर्थिक वृद्धिको लक्ष्यका आधारहरू उत्पादन, औद्योगिक उत्थान, निर्यात र रोजगारीमा आधारित रहेको देखिँदैन । यसको मुख्य कारण उद्योग क्षेत्र कमजोर हुनु हो । पर्याप्त ऊर्जा, लगानी तथा पूर्वाधार अभाव, न्यून निर्यात र विदेशी मूल्यसँगको प्रतिस्पर्धामा कमजोर छ । त्यस्तै घरेलु बजार सानो हुँदा आन्तरिक उत्पादन वृद्धि गर्न कठिन छ । बजेटको ठूलो अंश आयातमा खर्च हुन्छ भने रेमिट्यान्समा आधारित वैदेशिक मुद्रा सञ्चिति छ । अहिले निर्यात केही बढेको जस्तो देखिन्छ । तर, तेस्रो मुलुकबाट आयात भएका सनफ्लावर, भटमास र पाम तेल भारत निर्यात गरिएका कारण हो । यसले उल्टै वैदेशिक व्यापार घाटा बढाएको छ । नेपालमै उत्पादन गरिएका वस्तुको निर्यात बढेकमा भने साँच्चै खुशी मनाउन सकिन्छ । यस अर्थमा, नेपालले 'उत्पादक अर्थतन्त्र' निर्माण गर्न नसकेको स्पष्ट देखिन्छ, त्यसकै कारण दीर्घकालीन रोजगारी सिर्जना गर्न असफल भइरहेको स्थिति हो । पर्यटन होस् वा जलशक्ति त्यस्ता मौलिक स्रोतलाई उत्पादन र निर्यातमुखी मोडेलमा रूपान्तरण गर्न आवश्यक छ ।

*(साभार: न्यूज अफ नेपाल)*

Siddhartha Bank NPL NEPAL PREMIER LEAGUE

Siddhartha Bank NPL NEPAL PREMIER LEAGUE

# सुदूर प्लेअफमा पुग्दा अन्य टोलीका लागि यस्तो छ समीकरण

काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा लिग चरणका १९ खेलहरू सकिएका छन् । अब लिग चरणमा ९ खेलहरू बाँकी छन् । हालसम्म प्लेअफमा पुग्ने एक टिमको मात्र टुंगो लागेको छ । सुदूरपश्चिम रोयल्स लगातार ५ खेल जितेर प्लेअफमा पुगिसकेको छ भने बाँकी ३ स्थानका लागि अझै पनि ७ वटै टिम प्रतिस्पर्धामा छन् ।



केही टोलीहरूको सम्भावना बलियो देखिँदा केही टोलीका लागि कठिन अवस्था बनिसकेको छ । एनपीएलमा सोमबार ब्रेक रहेको छ । यही सन्दर्भमा हालसम्म सम्पन्न भएका खेल र बाँकी खेलका आधारमा प्लेअफ समीकरणबारे संक्षिप्तमा चर्चा गर्दैछौं ।

### सुदूरपश्चिम रोयल्स

सुदूरपश्चिम रोयल्स २ खेल अगावै प्लेअफमा पुगिसकेको छ । सुदूरको नजर अब शीर्ष २ मा फिनिस गर्नेतर्फ हुनेछ जसको सम्भावना पनि बलियो देखिएको छ । सुदूरपश्चिम रोयल्सले काठमान्डु, पोखरा, कर्णाली, लुम्बिनी र जनकपुरलाई हराइसकेको छ । ५ खेलमा ५ जितसहित १० अंक जोडेर शीर्षस्थानमा छ । सुदूरपश्चिमले अब चितवन राइनोज र विराटनगर किङ्ससँग खेल्न बाँकी छ । दुईमध्ये एकमात्र खेल जिते पनि सुदूर पश्चिम शीर्ष २ मा पर्ने निश्चित हुनेछ ।

### काठमान्डु गोर्खाज

गत सिजन नेट रनरेटमा पछाडि परेर प्लेअफ मिस गरेको काठमान्डुले यसपटक नेटरनरेटमा भर पर्ने अवस्था सिर्जना हुनै नदिने किसिमले खेलिरहेको छ । काठमान्डु गोर्खाजले नेटरनरेटमा पनि ध्यान पुऱ्याउनुका साथै पर्याप्त जितकै साथमा प्लेअफमा पुग्ने सम्भावना बलियो देखिएको छ ।

६ खेलमा ४ जितसहित ८ अंक जोडेको काठमान्डु हाल दोस्रो स्थानमा छ । काठमान्डुले जनकपुर बोल्ट्सलाई हराएपछि सुदूर पश्चिम रोयल्स र विराटनगर किङ्ससँग पराजित भएको थियो भने त्यसयता लगातार ३ खेल जित्ने क्रममा लुम्बिनी, चितवन र कर्णालीलाई हरायो । काठमान्डुलेरु अब पोखरा एभेन्जर्ससँग खेल्न बाँकी छ । उक्त खेल जितेमा काठमान्डु प्लेअफमा पुग्ने पक्का हुनेछ । काठमान्डु पोखरासँग पराजित भएपनि प्लेअफमा पुग्न सक्ने सम्भावना रहिरहने छ ।

### विराटनगर किङ्स

गत संस्करण प्लेअफमा नपुगेको विराटनगर किङ्स यसपटक मार्टिन गप्टिलको निरन्तरतासँगै फाफ डुप्लेसी र मर्चेन्ट डे लाङजस्ता खेलाडीहरू अनुबन्ध गरेर प्रतियोगिता अगाडि नै चर्चामा थियो ।

विराटनगरले मैदानमा पनि राम्रो प्रदर्शन गर्दै ५ मध्ये ४ खेल जितेर प्लेअफ सम्भावना बलियो बनाएको छ । विराटनगरले पोखरा, काठमान्डु र जनकपुरलाई हराउँदा चितवनसँग पराजित भएको थियो भने त्यसपछि कर्णालीलाई हराएको थियो । विराटनगरले अब लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्ससँग खेल्न बाँकी छ ।

एकमात्र खेल जिते प्लेअफमा स्थान बनाउने विराटनगरले दुवै खेल जितेमा शीर्ष २ मै फिनिस गर्नेछ । दुवै खेलमा पराजित भएमा विराटनगर अन्य नतिजामा भर परेर प्लेअफमा पुग्न भने सक्छ ।

### चितवन राइनोज

गत संस्करण प्लेअफ खेलेको चितवन राइनोजले यसपटक प्लेअफमा पुग्नका लागि अझै मेहेनत गर्नुपर्ने देखिएको छ । विदेशी खेलाडीमा बढी भर परेको चितवनले ४ खेलमा २ जित र २ हारसहित ४ अंक जोडेको छ ।

चितवनले कर्णाली याक्सलाई पहिलो खेलमा हराएपछि लुम्बिनी लायन्ससँग पराजित भएको थियो भने त्यसपछि विराटनगरलाई हराउँदा काठमान्डु गोर्खाजसँग पराजित भयो ।

चितवनले अब जनकपुर बोल्ट्स, सुदूरपश्चिम रोयल्स र पोखरा एभेन्जर्ससँग खेल्न बाँकी छ । ३ वटै खेल जितेमा चितवनको प्लेअफ सुनिश्चित हुनेछ । २ मात्र खेल जितेमा अन्य नतिजामा भर पर्नुपर्ने हुन सक्छ ।

### लुम्बिनी लायन्स

गत संस्करणमा एक जित मात्र निकालेर पुछारमा रहेको लुम्बिनी लायन्सले यस संस्करणमा हालसम्म ५ खेल खेल्दा २ जित र ३ हारको नतिजासहित ४ अंक जोडेको छ । लुम्बिनीले पहिलो खेलमा चितवन राइनोजलाई हराउँदा त्यसपछि कर्णाली याक्स, काठमान्डु गोर्खाज र सुदूरपश्चिम रोयल्ससँग पराजित भएको थियो । त्यसपछि पोखरा एभेन्जर्सलाई पराजित गऱ्यो ।

लुम्बिनीले अब विराटनगर किङ्स र जनकपुर बोल्ट्ससँग खेल्न बाँकी छ । दुवै खेल जितेमा लुम्बिनी ८ अंक जोडेर प्लेअफको सम्भावना कायमै राख्नेछ । यस्तोमा अन्य नतिजामा निर्भर भएर नेट रनरेटको कुरा आउन सक्छ ।

### पोखरा एभेन्जर्स

पोखरा एभेन्जर्सले हालसम्म ४ खेल खेल्दा १ जित मात्र निकालेको छ । पोखराले विराटनगर र सुदूरपश्चिमसँग पराजित भएपछि जनकपुर बोल्ट्सलाई हराएको थियो भने त्यसपछि लुम्बिनी लायन्ससँग पराजित भएको थियो ।

पोखराले अब कर्णाली, काठमान्डु र चितवनसँग खेल्न बाँकी छ । अब सबै खेलरु जित्नुपर्ने दबाब छ । एक मात्र खेलमा पराजित भएपनि पोखराले प्लेअफ मिस गर्न सक्छ । पोखराले २ मात्र खेल जितेमा कुनै एक टोली ६ अंकभन्दा अगाडि जानु हुँदैन ।

### कर्णाली याक्स

कर्णालीले ५ खेल खेल्दा १ खेल मात्र जितेको छ । पहिलो खेलमा चितवन राइनोजसँग पराजित भएको कर्णाली याक्सले त्यसपछि लुम्बिनी लायन्सलाई हराएको थियो ।

त्यसपछि फेरि सुदूर पश्चिम, विराटनगर र काठमान्डुसँग हार बेहोरेको छ । कर्णालीले पोखरा र जनकपुर बोल्ट्ससँग खेल्न बाँकी छ । प्लेअफ पुग्नका लागि दुवै खेल जितेर पनि अन्य टोली ६ भन्दा अगाडि नजाने समीकरण बन्नुपर्छ । कर्णालीले मंगलबार पोखरा एभेन्जर्ससँग खेल्दा पराजित भएमा एक खेल अगावै बाहिरिने पक्का हुनेछ ।

### जनकपुर बोल्ट्स

साविक विजेता जनकपुर यस संस्करणमा खेलेका सबै ४ खेलमा पराजित भएको छ । जनकपुर बोल्ट्सले काठमान्डु गोर्खाज, विराटनगर किङ्स, पोखरा एभेन्जर्स र सुदूरपश्चिम रोयल्ससँग हार बेहोरेको छ ।

जनकपुरले अब चितवन, लुम्बिनी र कर्णालीसँग खेल्न बाँकी छ । सबै खेल जितेर अन्य नतिजा पनि आफू अनुकुल आउनुपर्नेछ । जनकपुरको झिनो सम्भावना मात्र बाँकी देखिन्छ । मंगलबार हुने खेलमा चितवन राइनोजसँग पराजित भएमा जनकपुर २ खेल खेल्नुअघि नै बाहिरिनेछ ।

यसरी हेर्दा सुदूरपश्चिम रोयल्सले शीर्ष २ मै फिनिस गर्ने सम्भावना बलियो देखिएको छ भने विराटनगर किङ्स वा काठमान्डु गोर्खाजमध्ये एकले शीर्ष २ मा फिनिस गर्ने संकेत छ ।

जनकपुर बोल्ट्स र कर्णाली याक्सको प्लेअफ पुग्ने सम्भावना एकदम न्यून देखिएको छ । सुदूर प्लेअफ पुगिसकेको अवस्थामा बाँकी ३ स्थानका लागि मुख्यत: विराटनगर किङ्स, काठमान्डु गोर्खाजको सम्भावना बलियो देखिँदा चौथो स्थानका लागि चितवन राइनोज, लुम्बिनी लायन्स र पोखरा एभेन्जर्सबीच अंकगणितिय लडाइँ हुने सम्भावना धेरै देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म 'कुमारी' माघ २३ गते रिलिज हुने, पहिलो गीत सार्वजनिक





काठमाडौं/लभ स्टोरी फिल्मका ज्ञाता मानिने निर्देशक दिनेश राउतको नयाँ प्रेम कथानक 'कुमारी'को पहिलो गीत 'कता छौ मेरो फूल' सार्वजनिक भएको छ । गीत सार्वजनिकसँगै निर्माण टिमले फिल्मको रिलिज मिति पनि घोषणा गर्दै माघ २३ गते देशभर प्रदर्शनमा आउने जनाएको छ । रिलिज मिति 'भ्यालेन्टाइन डे' नजिक परेकाले फिल्मले युवा दर्शकलाई लक्ष्य लिएको बुझिन्छ ।

यसअघि टुँडिखेलमा भव्य रूपमा आयोजना गरिएको घोषणा कार्यक्रममा यो गीतको लाइभ प्रस्तुति गरिएको थियो । गायक केहर सिंह लिम्बु तथा उनको ब्यान्ड 'केहर एन्ड द लुङ्गा'ले प्रस्तुत गरेको यो गीत हाल युट्युब र टिकटकमा विशेष गरी 'जेन-जी' पुस्ताबिच निकै लोकप्रिय छ । फिल्मको मुख्य भूमिकामा अबिषेक खड्का र आकृति राजभन्डारी रहेका छन् । दुवै कलाकार यसै फिल्ममार्फत मुख्य भूमिकामा डेब्यु गरेका हुन् ।

'आइ एम सरी'बाट निर्देशन यात्रा सुरु गरेका राउत 'नोभेम्बर रेन' र 'क्लासिक' जस्ता सफल प्रेमकथाका लागि चिनिन्छन् । पछिल्ला वर्षमा सामाजिक विषयमा केन्द्रित फिल्म निर्देशन गर्दै आएका राउतले दर्शकको रुचिअनुसार फेरि प्रेमकथामा फर्किएको बताएका छन् । उनका अनुसार 'कुमारी'को प्रोजेक्ट 'पुजार सार्की'भन्दा अघि प्रारम्भ भए पनि विभिन्न कारणले अहिले आएर मात्र बनेको हो ।

'कुमारी'मा चार गीत रहनेछन् । सबै गीतमा स्वर केहर सिंह लिम्बुले दिएका छन् भने सङ्गीतमा लिम्बुसँगै सुमन तामाङ र प्रशान्त सिवाकोटीको सहभागिता रहेको छ । गीतका शब्द सागर लामिछाने मगर, सुमन तामाङ र युवराज काफ्लेले लेखेका छन् ।

बिनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा निर्माण भएको यस फिल्मका निर्माता महेन्द्र अधिकारी हुन् । स्क्रिप्ट विकास सुवेदीले लेखेका छन् भने छायाङ्कन निर्देशन सुसन प्रजापतिले गरेका हुन् । कार्यकारी निर्माता केदार भुसाल हुन् ।

'कुमारी'को डिजिटल वितरण केन्द्र मोशन पिक्चर्सले गरेको छ भने काठमाडौं उपत्यकामा डीसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रीब्युशनले थिएट्रिकल वितरण गर्दैछन् । यसको प्रोडक्सन डिजाइनरमा आशिका शर्मा, कस्ट्युम डिजाइनर अञ्जली रिजाल, मुख्य सहायक निर्देशकमा दिनेश बहादुर रावत रहेका छन् । फिल्ममा सुप्रिम पराजुलीको सम्पादन तथा रङ्ग संयोजन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, किरण थापा र शिशिर खातीको कोरियोग्राफी रहेको छ । पब्लिसिटी डिजाइन रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट)को रहेको छ ।

# एकअर्कालाई प्रियतम भन्दै 'मुगलान' जोडी

काठमाडौं/प्रभात पाल र स्मारिका ढकालको रोमान्सलाई समेटिएको गीत 'मेरो प्रियतम' सार्वजनिक भएको छ । आगामी पुष १० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मुगलान'मा समावेश यो गीत सोमबार सार्वजनिक भएको हो ।



गीतमा प्रताप दास र बेनिशा पौडेलको स्वर, सिर्जना लम्सालको शब्द, किरण भुसालको संगीत, रिदम कँडेलको संगीत संयोजन र किशोर थापाको मिक्सिङ तथा मास्टरिङ छ । गीतमा प्रभात र स्मारिकालाई देवेन्द्र कुँवरले नचाएका छन् । यस अघि फिल्मको 'पिन्टु पियारी' गीत सार्वजनिक भइसकेको छ ।

रिहान प्रोडक्सनको ब्यानरमा बनेको 'फिल्ममा श्री शिवांशु, दिनेश डीसी, मोती सुबेदी, रामचन्द्र अधिकारी, खबपु, राजुराज सोनी, रश्मी भट्ट, जीवन गौतम र सबिन बास्तोलाको अभिनय छ ।

आशिष ढकालको लेखन तथा निर्देशनमा निर्माण भएको यो फिल्मका निर्माता गोमन सिंह हुन् । निर्माता सिंहको यो डेब्यु फिल्म निर्माण हो । फिल्मको को-प्रोड्युसरमा रिता चौधरी छिन् ।

तारा थापा 'किम्भे'को सम्पादन,जय बिष्ट र राम गुरुको द्वन्द्ध निर्देशन रहेको यो फिल्ममा बिजिएम रिदम कँडेलको छ । फिल्ममा कोरियोग्राफर देबेन्द्र कुँवरको छ भने डिओपी अजय रेग्मीको छ ।

फिल्मको वितरण आर आर फिल्मस्ले गर्दैछ । यस गीतलाई युना इन्टरटेन्टमेन्ट युटुब च्यानलमार्फत हेर्न सकिने छ ।

# व्यावसायिक हिसाबमा किन युरोप निर्यात हुन सकेन नेपाली छुर्पी ?

काठमाडौं/हिमालका गोठदेखि विश्वका विभिन्न देशका कुनासम्म नेपालको चिनो बनेर पुगेको छुर्पीले अहिले अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा संसारका २७ देशमा निर्यात भइरहेको नेपाली छुर्पी युरोपमा व्यावसायिक हिसाबले पठाउन सकिएको छैन । यसका लागि व्यवसायीले लामो समयदेखि मिहिनेत गरिरहे पनि आशातित सफलता भने पाउन सकेका छैनन् । युरोपका सीमित देशमा थोरै परिमाणमा मात्र छुर्पी निर्यात भइरहेको छ ।

नेपालबाट युरोपका जर्मनी, बेलायत, चेक गणतन्त्र, डेनमार्क, फ्रान्स, ग्रिस, इटाली, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, स्लोभाकिया लगायत देशमा छुर्पी निर्यात भइरहेको छ । चालु आव पहिलो चार महिनामा युरोपका ती देशमा ४३ हजार ५ सय ९७ किलो (साढे ४३ टन) बराबर छुर्पी निर्यात भएको छ । यो भनेको ४ करोड ७० लाख ९५ हजार रुपैयाँ बराबर हुन्छ । तर, नेपाली छुर्पीको प्रमुख गन्तव्य बजार अमेरिकामा यही अवधिमा ४ लाख ९४ हजार ७ सय २५ किलो (४ सय ९४ टन) निर्यात भएको थियो । यो भनेको ८६ करोड ८२ लाख ४१ हजार रुपैयाँ बराबर हो ।

त्यस्तै अमेरिकाको छिमेकी क्यानडामा नेपालबाट २ लाख ३ हजार १ सय ५७ किलो (२ सय ३ टन) छुर्पी गएको छ । यो भनेको ७ करोड ८९ लाख १ हजार रुपैयाँ बराबर हो । व्यवसायीले अमेरिकी गन्तव्यमा जस्तै गरी युरोपमा पनि छुर्पी निर्यात गर्न प्रयास गरेको लामो समय भइसकेको छ । तर, सफलता हात लाग्न सकेको छैन । चौँरी गाईको शुद्ध दूधबाट परम्परागत शैलीमा बन्ने कडा तर पौष्टिक परिकार छुर्पीले स्वदेशी उत्पादन सम्भावना उजागर गर्दै अन्तर्राष्ट्रिय बजारमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ ।

विशिष्ट नेपाली खाद्य परिकारले ग्रामीण अर्थतन्त्रलाई टेवा पुऱ्याउनुका साथै विदेशी मुद्रा आर्जनमा समेत उल्लेखनीय योगदान दिँदै आएको छ । पहाडी भेगका किसानको जीविकोपार्जनको मुख्य आधार बनेको छुर्पीले नेपालको सांस्कृतिक एवं भौगोलिक विविधता विश्वसामु चिनाउने एउटा सशक्त माध्यमका रूपमा पनि आफूलाई स्थापित गरेको छ, जसको माग दिनहुँ बढ्दो क्रममा छ । हिमाली भेगको यात्रा गर्ने आन्तरिक पर्यटकका लागि चौँरी गाईको दूधबाट बन्ने विशिष्ट पौष्टिक पदार्थ छुर्पी चपाउँदै यात्राको स्वाद लिनु अब सामान्य भइसक्यो । तर, यो केवल स्वादिलो परिकार मात्र होइन, बरु दुर्गम क्षेत्रको अर्थतन्त्र चलायमान बनाउने एक महत्त्वपूर्ण उत्पादन पनि हो ।

कुनै समय बजार र बाटोघाटो असुविधाका कारण ठूलो परिमाणमा चौँरीको दूध खेर गइरहेको थियो । त्यसैबेला हिमाली भेगमा बसोबास गर्ने शेर्पा समुदायले यो बहुमूल्य दूधलाई सदुपयोग गर्दै छुर्पी बनाउने अनौठो र दिगो उपाय पत्ता लगाए । चौँरीको दूध आफैंमा अत्यधिक चिल्लो (फ्याट) युक्त हुने भएकाले यसबाट उच्च मात्रामा प्रोटिन भएको पोसिलो छुर्पी बनाउनु दोहोरो फाइदाजनक थियो । यसले खेर जाने दूधको सदुपयोग त गऱ्यो नै, साथै घुम्न आउने आन्तरिक पर्यटकलाई सजिलै बिक्री हुने र उनीहरूले कोसेलीका रूपमा घर सम्म लाने भएकाले यसको उत्पादनले नयाँ आयाम पायो । अब अहिले त हिमाली भेगमा मात्रै पाइने छुर्पी तराई हुँदै पहाडसम्मै उत्पादन हुने अवस्थामा पुगेको छ । अहिले चौँरी गाईको दूधबाट मात्रै नभई गाईकै दूधबाट छुर्पी बनाउन थालिएको छ ।

छुर्पी उत्पादनका लागि सोलुखुम्बु, ताप्लेजुङ, पाँचथर, धनकुटा, संखुवासभा, दोलखा, इलाम लगायत जिल्ला विशेषरूपमा प्रख्यात छन् । यी क्षेत्रमा उत्पादित छुर्पीले स्थानीयको जीवनस्तर उकास्दै नेपालको मौलिक उत्पादनलाई देशविदेशमा चिनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । पहिला मान्छेले खाने मात्रै छुर्पी उत्पादन भए पनि एक दशकमा भने छुर्पी उत्पादनले नयाँ बाटो समातेको छ । कुकुरको आहारा (डग च्यु) का लागि छुर्पी उतपादन गरी विदेश निर्यात हुँदै आएको छ ।

### कति हुन्छ निर्यात ?

पछिल्लो १० वर्षको तथ्यांक केलाउँदा आव २०७१/७२ मा २ लाख ७५ हजार किलो (२ सय ७५ टन) छुर्पी निर्यात भएको थियो । तर, २०८१/८२ मा आइपुग्दा यसको निर्यात बढेर १८ लाख ९९ हजार किलो (१ हजार ८ सय ९९ टन) पुगेको छ । आव २०७१/७२ पछि छुर्पी निर्यात बर्सेनि बढ्दै गएको भन्सार विभागको तथ्यांकले देखाउँछ । त्यस अवधिमा १८ करोड रुपैयाँ मूल्यको छुर्पी निर्यात भएकामा गत आव ३ अर्ब रुपैयाँ बढीको निर्यात भएको भन्सार विभागको तथ्यांकमा देख्न सकिन्छ ।

तथ्यांक अनुसार चालु आव २०८२/८३ को पहिलो ४ महिना (साउन-कात्तिक) सम्म १ अर्ब ३ करोड ५७ लाख रुपैयाँ बराबर को ८ लाख ६७ हजार ६ सय ८१ किलो छुर्पी निर्यात भएको छ । युरोपक बेलायतमा ३९ करोड ८० लाख रुपैयाँको ३७ हजार किलो, जापानमा २२ करोड ९१ लाख रुपैयाँको ७४ हजार किलो छुर्पी निर्यात भएको छ । हङकङमा ३४ लाख ९० हजार रुपैयाँको २० किलो छुर्पी निर्यात भएको छ । यसपछि थोरै परिमाणमा नेदरल्यान्ड, न्युजिल्यान्ड, कोरिया, मलेसिया, ताइवान, साउदी अरब लगायत देशमा निर्यात भएको छ ।

नेपालको 'हिमालयन डग च्यु' भनेर चिनिने छुर्पी, चिसो ठाउँमा चौँरी गाईको दूधबाट उत्पादन हुने भएकाले यसले बजार धेरै पाएको छ । नेपालबाट अमेरिकामा सबैभन्दा धेरै छुर्पी निर्यात हुन्छ । अमेरिकामा मात्रै ९० प्रतिशतभन्दा बढी निर्यात भइरहेको यो उत्पादनको माग विश्वभरि बढ्दो छ । मानिसले खाने छुर्पीमा स्वादका लागि दूधमा निश्चित मात्रामा चिल्लो पदार्थ (फ्याट) राखिने भए पनि कुकुरको आहारका रूपमा उत्पादन गरिने छुर्पीमा ०.५ प्रतिशतमात्र चिल्लो पदार्थ हुन्छ ।

उत्पादन प्रक्रिया दुवैका लागि समान हुने भए पनि कम फ्याटका कारण कुकुरले खाने छुर्पी तुलनात्मक रूपमा बढी कडा हुन्छ । यो कडापन कुकुरका लागि हड्डी जस्तै हुने भएकाले उनीहरूले यसलाई मासुको हड्डी सम्झेर खाने व्यवसायीहरू बताउँछन् । दूधको पोषणयुक्त गुणका कारण कुकुरका लागि बनेको छुर्पी निकै सफल भएको छ, जसको विश्व बजारमा अहिले तीव्र माग बढिरहेको छ । नेपालमा सबैभन्दा बढी छुर्पी उत्पादक र निर्यातकर्ता 'मनराम समूह' अन्तर्गत मनराम हिमालयन ह्यान्डिक्राफ्ट रहँदै आएको छ । मनराम समूहका लजिस्टिक तथा पीआर निर्देशक एवं छुर्पी व्यवसायी संघ अध्यक्ष रेशम पोखरेलका अनुसार बर्सेनि छुर्पी उत्पादन र निर्यात दुवै बढ्दो क्रममा छ ।

करिब २१ वर्षअघि मनराम समूहले छुर्पी निर्यात थालनी गरेको थियो । 'छुर्पी, विशेषगरी कुकुरको आहारका लागि विश्व बजारमा 'नम्बर वान' उत्पादन बनेको छ र यसको माग अत्यधिक छ,' उनी भन्छन्, 'तर, फुट एन्ड माउथ डिजिज' (खोरेत रोग) मुक्त प्रमाणपत्र अभाव, कमजोर पूर्वाधार र सरकारी सहयोगको कमीले यसको व्यावसायिक विस्तारमा ठूलो चुनौती सिर्जना गरेको छ ।' पोखरेलका अनुसार अमेरिकामा उत्पादनको ९० प्रतिशत निर्यात गर्न सकिए पनि युरोपमा गर्न सकिएको छैन । युरोपका केही देशमा स्याम्पल (नमुना) का लागि सानो परिमाणमा लगिए पनि व्यावसायिक रूपमा भने हुन सकेको छैन । त्यहाँ छुर्पी निर्यात गर्न आवश्यक प्रमाणपत्र प्राप्त गर्न कठिनाइ भइरहेको छ ।

'विशेषगरी खोरेत रोगमुक्त प्रमाणपत्र अभावले गर्दा भारत, चीन, युरोप र अस्ट्रेलिया जस्ता देशमा नेपाली छुर्पी निर्यात गर्न कठिन भइरहेको छ,' पोखरेलले भने, 'मनराम समूहले युरोपेली बजारमा निर्यातका लागि 'बीआरसी' प्रमाणीकरण प्राप्त गरिसकेको भए पनि अन्य अधिकांश उत्पादकसँग यो प्रमाणीकरण छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# २२ वर्षपछि पुनर्जीवित भयो शिव रेग्मीको 'पाहुना' गीत

काठमाडौं/स्वर्गीय निर्देशक शिव रेग्मीले लेखेका थुप्रै गीतहरूमध्ये 'पाहुना' कालजयी मानिन्छ । सन् २००३ मा प्रदर्शन भएको फिल्म 'पाहुना'मा उक्त गीत समावेश थियो । यही गीतलाई नयाँ एरेन्जमेन्टसहित निर्देशक रेग्मीकै भान्जी एकता पौडेलले आफ्नो पहिलो निर्देशकीय फिल्म 'हर्ष'मा समावेश गरेकी छन् । यो गीत सोमबार युट्युबमार्फत सार्वजनिक गरिएको छ ।

समीर-हिमालको कम्पोज तथा वसन्त सापकोटाले पुन: उत्पादन गरेको गीतमा गरिमा अधिकारीको स्वर छ । गीतले मानिसको जीवन यस संसारमा पाहुनाजस्तै क्षणिक मात्र हो भन्ने गहिरो सन्देश दिएको छ । गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू वर्षा राउत, खगेन्द्र लामिछाने र साइमन वादी लगायतलाई देख्न सकिन्छ ।

गत शुक्रबारबाट प्रदर्शनमा आएको 'हर्ष'ले बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकबाट सुखद प्रतिक्रिया बटुलिरहेको छ । फिल्मको विषयवस्तु प्रभावकारी रहेको भन्दै प्रशंसा भइरहेको छ भने बाल कलाकार साइमनको अभिनयले दर्शकको ध्यान खिचेको छ । 'माउथ पब्लिसिटी'को प्रभावले फिल्मको व्यापार वृद्धि हुनेमा निर्माण टिम विश्वस्त देखिएको छ ।

वंशको विषयलाई मुख्य कथावस्तु बनाइएको यस फिल्ममा खगेन्द्र, वर्षा र साइमनसहित नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, लुनिभा तुलाधर, अंशु महर्जन, सुवर्ण थापा, सिर्जना नापित लगायतको अभिनय रहेको छ । फिल्ममा प्रशन्न पौडेल र विकास पौडेल निर्मातामा छन् भने हिक्मत चोखाल कार्यकारी निर्माता हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### मौलिक हकको आभास हुने गरी सडक विस्तार गर्न जेनजी युवाको माग

# नागरिकले महसुश गर्नेगरी प्रदेश सरकारले काम गरेको छः मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आमनागरिकले प्रत्यक्ष महसुश गर्नेगरी प्रदेश सरकारले काम गरिरहेको बताएका छन् ।

गरिबलाई गरिखाने बनाउने लक्ष्यकासाथ प्रदेश सरकारले आयमूलक र सीपमूलक कामका लागि विपन्न नागरिकलाई बिनाब्याज ऋणदिने कार्यविधि बनाएर अघि बढेको बताएका हुन् । सोमबार मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माध्यमिक विद्यालयको स्वर्ण महोत्सव समारोह समापन कार्यक्रममा मुख्यमन्त्री बानियाँले भने-'मुख्यमन्त्री हुनबित्तिकै मैले गरिबमुखी, न्यायमुखी, गाउँमुखी, आयमुखी, विकासमुखी र जनमुखी काम गर्ने भनी सपथ खाएको छु, सोहीअनुसार नै काम गरिरहेको छु ।' उनले प्रदेश सरकारमार्फत् एक हजार विपन्न परिवारको घर बनाउन लागिएको बताउँदै गरिबलाई छाना, खाना र नाना भन्ने नाराकासाथ २ लाख रुपैयाँ बिनाब्याज ऋणदिने तयारी गरिएको बताएका छन् ।

आफू नेतृत्वको सरकारले जिम्मेवार, पारदर्शी उत्तरदायी र जिम्मेवार बनेर देखाउने प्रतिवद्धता पनि बानियाँले व्यक्त गरे । सुशासन र भ्रष्टाचारमुक्त बागमती प्रदेश महाअभियान निर्माणमा लाग्ने आफ्नो संकल्प रहेको भन्दै बानियाँले आफू बोली र व्यवहार एकै गर्ने प्रतिवद्धता दोहोऱ्याए । अहिलेको गणतान्त्रिक व्यवस्था गरिब विपन्न र पछाडि परेका वर्गको हितमा केन्द्रित रहेको भन्दै बानियाँले वर्तमान व्यवस्था विरोधीहरुले भ्रम सिर्जना गरिरहेको बताएका छन् । 'पछिल्लो समय गणतन्त्र असफल भएको हो कि भन्ने भाष्य स्थापित गरिएको छ । तर, त्यो भ्रम हो । गणतन्त्रपछि नै गाउँगाउँमा सडक र पुलहरु बनेका छन् । सबैखाला सेवा सुविधा वृद्धि हुँदैछ' बानियाँले भने-'जेनजी पुस्ताले पनि व्यवस्था परिवर्तन भनेका होइनन्, अवस्था परिवर्तन चाहेका हुन् ।'

मनहरी गाउँपालिका लगायत आफू निर्वाचित क्षेत्रमा आवश्यकताका आधारमा सडक पुललगायत पूर्वाधार विकासमा प्राथमिकता दिँदै आएको बताउँदै उनले आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिने बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव गौतमको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामीमगर, ४ नम्बर वडाध्यक्ष प्रकाश थापा, विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष बालमुकुन्द ढकाल, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष तथा ब्यवसायी अरुणराज सुमार्गीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।



मंसिर ८ गतेबाट सुरु भएको विद्यालयको स्वर्ण महोत्सव सप्ताहव्यापी कार्यक्रमअन्तर्गत विभिन्न खेल प्रतियोगिता तथा शैक्षिक कार्यक्रम गरिएको थियो । लोपोन्मुख सीमान्तकृत जाति बनकरिया समुदायका बालबालिका अध्ययन गर्ने नेपालको एकमात्र माविको रुपमा रहेको पशुपतिनाथ माविमा अहिले झण्डैं ६ सयजना विद्यार्थी अध्ययनरत छन् । विद्यालयको स्वर्ण महोत्सवका अवसरमा विद्यालय ब्यवस्थापन समितिका पूर्वअध्यक्षहरु मानबहादुर बिष्ट, चन्द्रबहादुर न्यौपाने, रामहरि बिष्ट, पुर्षोत्तम बिष्ट, पवन खड्कालाई सम्मानीत गरिएको थियो ।

त्यसैगरी विद्यालयका पूर्वप्रधानाध्यापकहरु यदुकुमार पुडासैनी, तीर्थराज पराजुली, उद्धव उप्रेती, चन्द्रबहादुर मल्ल, कबिराज तिवारी र भानुभक्त आचार्यलाई सम्मानीत गरिएको थियो । विद्यालयका पूर्वप्रअ पराजुलीले आफ्ना मातापिता शिवकुमारी/रामजीप्रसाद पराजुलीको स्मृतिमा स्थापना गरेको नगद ११५०० राशिको एसइइ उत्कृष्ठ विद्यार्थी पुरस्कार २०८१ को एसइइ परीक्षामा उत्कृष्ठ अंक हासिल गर्ने कश्यपराज ढकाल र रोशनी प्रजालाई प्रदान गरिएको थियो । विद्यालयले आयोजना गरेको बिबिध खेलकुद प्रतियोगिताका बिजेता विद्यार्थीका लागि विकासका लागि सहयोग र सहकार्य (हेल्पकोड) नेपालले पुरस्कार सौजन्य गरेको थियो ।

### म्यादी प्रहरीलाई अब 'निर्वाचन प्रहरी' भनिने

# ४० दिन कार्यअवधि तोकेर भर्ना गरिँदै, जवानसरह सुविधा



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षार्थ भर्ना गरिने म्यादी प्रहरीलाई 'निर्वाचन प्रहरी' का रुपमा पहिचान दिइने भएको छ । विगतमा निर्वाचन सुरक्षार्थ कार्यअवधि तोकेर भर्ना भएका सुरक्षाकर्मीलाई 'म्यादी प्रहरी' उल्लेख गरिएकामा यो पटक म्यादी प्रहरीको साटो 'निर्वाचन प्रहरी' नामकरण गरिएको हो ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले निर्वाचन सुरक्षाअन्तर्गत अवधि तोकेर नेपाल प्रहरीको नेतृत्वमा रहने गरी भर्ना हुने जनशक्तिलाई निर्वाचन प्रहरीका रुपमा पहिचान दिन लागिएको बताए । 'म्यादी प्रहरीको साटो निर्वाचन प्रहरी नामकरण गरेर ४० दिनको कार्यअवधि सहित भर्ना गर्ने गरी प्रक्रिया अघि बढाइएको छ,' प्रवक्ता काफ्लेले भने, 'नामकरण नै सबैथोक त होइन तर, म्यादीको साटो निर्वाचन प्रहरी राख्दा एक किसिमको अपनत्व र जुन कामका लागि खटिएको हो, त्यसको पहिचान पनि झल्किन जान्छ, त्यसैले यसपटक निर्वाचन प्रहरीका रुपमा ४० दिन कार्यअवधि तोकेर भर्ना गर्न लागिएको छ ।'

यसका लागि 'निर्वाचन प्रहरी भर्ना छनोट नियुक्ति तथा परिचालनसम्बन्धी मापदण्ड-२०८२' को मस्यौदा प्रहरी प्रधान कार्यालयबाट बन्ने क्रममा रहेको गृह मन्त्रालयले जनाएको छ । निर्वाचन प्रहरी छनोटदेखि कार्यअवधि गणना गरेर मत परिणाम आउन्जेलसम्म निर्वाचन प्रहरीलाई प्रहरीमातहत रहने गरी खटाइने छ । यसरी खटिने सुरक्षाकर्मीलाई प्रहरी जवानले पाउने आधारभूत तलबमानअनुसार पारिश्रमिक पाउने छन् भने जवानले तत्तत् जिल्लामा पाउने स्केलअनुसार रासन भत्ता दिइने छ । विगतको अभ्यासअनुसार पोसाक भत्ता, यात्रा गर्दा आउने सवारी भत्ता पनि उनीहरुलाई दिइने छ ।

आसन्न निर्वाचनमा करिब १ लाख ३० हजार 'निर्वाचन प्रहरी' भर्ना गर्ने सरकारको तयारी छ । गृह मन्त्रालयका अनुसार २०७९ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सुरक्षामा १ लाख १५ हजार म्यादी प्रहरी भर्ना गरिएको थियो । त्यही वर्ष सम्पन्न स्थानीय तह निर्वाचनमा करिब १ लाख म्यादी भर्ना भएका थिए । त्यसअघि २०७४ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा करिब ९८ हजार र त्यही वर्षको स्थानीय तह निर्वाचनमा ७५ हजार तथा २०७० मंसिरमा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा ४५ हजार म्यादी प्रहरी भर्ना गरिएको थियो ।

गृह मन्त्रालयका अनुसार आगामी निर्वाचन सुरक्षार्थ सवा ३ लाख सुरक्षाकर्मी खटाउने तयारी छ । नेपाली सेनाका करिब ७९ हजार, प्रहरीका करिब ७२ हजार र सशस्त्र प्रहरीका ३३ हजार जनशक्ति परिचालन गर्ने निर्णय भइसकेको छ । यसलाई केन्द्रीय सुरक्षा समिति र राष्ट्रिय सुरक्षा परिषद्बाट अनुमोदन भइसकेको छ ।

निर्वाचन आयोगका अनुसार आसन्न निर्वाचनमा २०७९ मंसिरको तुलनामा करिब ८ लाख नयाँ मतदाता थपिएका छन् । नयाँ मतदातालाई मध्यनजर गरेर आयोगले बितेको मतदानस्थलमा हेरफेर र १६८ मतदानस्थल थप गरेको छ । अब योसहित देशभर १० हजार ९ सय ६७ मतदानस्थल कायम भएका छन् । यसअघि कायम गरिएकामध्ये ९३ मतदानस्थल खारेज हुँदा वृद्धि भएका मतदानस्थल ७५ हुन आउँछ । थप भएका मतदानस्थल र सुरक्षा जोखिम/चुनौतीका आधारमा निर्वाचन प्रहरी संख्या पनि बितेको तुलनामा बढ्ने देखिएको र सोहीअनुसार सुरक्षा कार्ययोजना बनाइएको गृहका अधिकारीहरू बताउँछन् ।

गएको प्रतिनिधिसभा निर्वाचनमा १ करोड ८१ लाख ६८ हजार २ सय ३० मतदाता मतदानका लागि सूचीकृत थिए । यो पटक ८ लाख ३७ हजार ९२ नयाँ मतदाता थप भएर मतदाता संख्या १ करोड ९० लाख ५ हजार ३ सय २२ पुगेको छ ।

### पत्रपत्रिका वर्गीकरणको नतिजा सार्वजनिक

# साझाकुरा १४ वर्षदेखि निरन्तर 'क' बर्गमा

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ हेटौंडाबाट बिगत १५ वर्षदेखि निरन्तर प्रकाशन भइरहेको साझाकुरा राष्ट्रिय दैनिक यो वर्षको बर्गिकरणमा पनि 'क' बर्गमा पर्न सफल भएको छ । प्रेस काउन्सिल नेपालले देशभरका ८ सय २६ पत्रपत्रिकाको २०७९/८० को वर्गीकरण नतिजा सार्वजनिक गरेको छ ।

सोमबार सार्वजनिक नतिजाअनुसार क वर्गमा २ सय ४, ख वर्गमा ४ सय ६२, ग वर्गमा १ सय ५४ र घ वर्गमा ६ वटा परेका छन् । वर्गीकरण प्रक्रियामा ८ सय ९४ पत्रपत्रिका सामेल भएकामा ४७ वटा हुबहुमा परेको र आवश्यक कागजात पेश नगरेका २२ वटा गरी ६९ वटाको वर्गीकरण नतिजा स्थगित गरिएको काउन्सिलका उपप्रशासकीय अधिकृत राधेश्याम अधिकारीले जानकारी दिए । ब्यवसायिक र मर्यादित पत्रकारितालाई केन्द्रबिन्दु मानेर बिगत १५ वर्षदेखि प्रकाशित साझाकुरा 'क' बर्गमा बर्गिकरणमा परेपछि साझाकुराका प्रकाशक सबिन न्यौपानेले दैनिकका सम्पूर्ण टिमलाई धन्यवाद दिएका छन् ।

नतिजाअनुसार मकवानपुरबाट हेटौंडा सन्देश दैनिक 'क' वर्ग, प्रदेश दैनिक 'ख' वर्ग, समृद्धसमाज दैनिक 'क' वर्ग, साझाकुरा दैनिक 'क' वर्ग, थाहादर्शन साप्ताहिक 'ख' वर्ग, मध्यस्थता साप्ताहिक 'ख' वर्ग, सहीखबर साप्ताहिक 'ख' वर्ग, नमस्कार साप्ताहिक 'ख' वर्ग, हेटौंडाखबरपत्र साप्ताहिक 'क' वर्ग, विकास खबरपत्रिका सप्ताहिक 'ख' वर्ग, श्रीअखबार साप्ताहिक ख वर्ग, चिनारी सन्देश साप्ताहिक ग वर्ग, मिसाइल पाक्षिक ख वर्ग, हाम्रो मातृभूमि त्रैमासिक क वर्ग, अक्षयअक्षर त्रैमासिक क वर्ग र लोकभावना त्रैमासिक ख वर्गमा परेका छन् ।

वर्गीकरणमा परेका ८२६ मध्ये राष्ट्रियस्तरका १४०, प्रदेशस्तरका १४२ र स्थानीयस्तरका ५४४ वटा कायम भएका छन् । वर्गीकरणमा सामेलमध्ये १८२ वटा दैनिक, ३ वटा अर्धसाप्ताहिक, ४७३ वटा साप्ताहिक, १२ वटा पाक्षिक, ७८ वटा मासिक, द्वैमासिक ४ वटा, त्रैमासिक ६ वटा, साहित्यिक ५६ वटा र भाषिक १२ वटा रहेका छन् । प्रेस काउन्सिल नेपालका अनुसार प्रेस काउन्सिल ऐन २०४८ को दफा १० अनुसार गठित वितरण सम्परीक्षण समितिले पत्रपत्रिका वितरण सम्परीक्षण मापदण्ड २०६६ (परिमार्जन २०७५) को आधारमा वर्गीकरणको प्रतिवेदन तयार गर्छ ।

# सरिखेत स्वास्थ्यचौकी भवनको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ राक्सिराङ गाउँपालिका-२ कुडुलेस्थित सरिखेत स्वास्थ्यचौकी भवनको शिलान्यास गरिएको छ । गाउँपालिका अध्यक्ष राजकुमार मल्लले सामेबार एक कार्यक्रमका बीच साढे एक तले नयाँ भवनको शिलान्यास गरेका हुन् ।

करिब १ करोड १८ लाख २३ हजार लागतमा निर्माण हुन लागेको स्वास्थ्यचौकी भवनले दुर्गमक्षेत्रमा स्वास्थ्य सेवा अझ सहज बनाउन अपेक्षा गरिएको छ ।

शिलान्यासमा अध्यक्ष मल्लले केही समयअघिसम्म सिटामोलजस्ता सामान्य औषधिको पहुँच नपुग्ने पालिका अहिले स्वास्थ्य संरचना विकासतर्फ अघि बढेको बताए । सुत्केरी आमा पोषण कार्यक्रममार्फत स्वास्थ्यचौकीमा आउनेको संख्या बढेको उल्लेख गर्दै मल्लले कच्चा र जीर्ण भवनमा सेवा दिँदै आएका स्वास्थ्यकर्मीका लागि नयाँ भवनले काम गर्न सहज हुने बताए ।

उनका अनुसार बाँकी १८ महिनाको कार्यकालभित्र भवन निर्माण सम्पन्न गरी थप स्वास्थ्य सेवा विस्तारमा गाउँपालिका प्रतिबद्ध छ । कार्यक्रम वडा नं. २ का वडाअध्यक्ष बुद्धराम मुक्तानको सभाध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सन्देश मास्के, उपाध्यक्ष बनस्तम थिङ, स्वास्थ्य संयोजक विजयकुमार कापरी, महिला तथा बालबालिका शाखाप्रमुख गोमा पन्थी, प्रशासन सहायक पुनमकुमार रुम्बा, वडासचिव लोकेंद्र ओलीलगायत स्वास्थ्यकर्मी तथा स्थानीयवासी उपस्थित थिए ।

सरिखेत स्वास्थ्यचौकीले वडा नं. १, २ र ३ लाई सेवा दिने गर्दछ । हाल राक्सिराङ गाउँपालिकामा ५३ स्वास्थ्यकर्मी कार्यरत छन् ।

पालिकामा ३ स्वास्थ्य चौकी, १ आधारभूत अस्पताल, ६ आधारभूत स्वास्थ्य सेवाकेन्द्र, १ आयुर्वेदिक औषधालय र १ सामुदायिक स्वास्थ्य सेवा इकाइ गरी कुल १२ स्वास्थ्य संस्थाबाट सेवा दिइँदै आएको छ ।

९ वडामध्ये वडा नं. १, ७ र ८ मा अझै स्वास्थ्य सेवा पहुँचमा चुनौती कायम रहेको पालिकाले जनाएको छ ।

# रथ पालुङमा ल्याइयो, निमन्त्रणा पूजा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ मकवानपुरको थाहानगरमा प्रत्येक तीन वर्षमा लाग्ने इन्द्रायणी जात्राको तयारी तीब्र पारिएको छ । साँस्कृतिक रुपले नेवार र देउला समुदायसँग प्रत्येक्ष जोडिएको इन्द्रायणी जात्राको लागि पूजाविधिअनुसारको तयारीलाई तीब्रता दिइएको इन्द्रायणी भगवती कालाभैरब गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठले बताए ।

जात्राको तयारीस्वरुप मंसिर १५ गते पालुङ देउला गाउँ (इन्द्रायणीबस्ती) बाट खाली रथ पालुङ सहरमा ल्याइएको छ । देउताघरबाट पालुङ ल्याइने रथ खाली ल्याउने चलन छ । तीनवर्षे जात्राको नियम तान्त्रिकविधिविधान अनुसार मनाइन्छ । जात्रा हुने चारदिन अगाडि १५ मंसिर अर्थात मंसिर शुक्ल द्वादशीको दिन पारेर खाली रथ पालुङ ल्याइएको हो । यसरी रथ ल्याउँदा पालुङबाट नेवार समुदायकै व्यक्तिले ल्याउने चलन छ ।

रथ पालुङमा ल्याएपछि गुठीयारको भोज र निमन्त्रणा पूजा सुरु हुन्छ । द्वादशीको दिनदेखि पहिलो निम्तो पूजा भगवती पूजारीबाट हुन्छ । त्रयोदशीको दिन कालाभैरव पूजारीबाट पूजा र भोज हुन्छ । चतुर्दशीका दिन इन्द्रायणी पूजारीबाट हुन्छ र गुठीयार खुवाउने कार्य समाप्त हुन्छ । जात्राको अवसरमा इन्द्रायणी, कुमारी, कालाभैरब र गणेशको रथारोहण गरिन्छ । जात्रा आरम्भ निमन्त्रणा पूजा भाद्रशुक्ल पूर्णिमाका दिन इन्द्रजात्राको शुभदिन पारेर गरिएको थियो । निमन्त्रणा पूजाको करिब चार महिनापछि यो जात्रा मनाइने चलन छ । यसवर्षको जात्रा यही मंसिर १८-२० गते परेको छ ।

पालुङमा मध्यकालदेखि नै प्रचलनमा रहेको ३ वर्षे इन्द्रायणी जात्रा मंसिरशुक्ल पूर्णिमा अर्थात् यही मंसिर १८ गतेबाट थाहानगरको इन्द्रायणीचौरमा ३ दिनसम्म लाग्छ । इन्द्रायणी भगवति कालाभैरव गुठी संरक्षण समितिको व्यवस्थापनमा हुँदै आएको इन्द्रायणी जात्राको अवसरमा पहिलो दिन इन्द्रायणीमाइको थानमा रथ लैजाने, दोस्रो दिन मुख्य पूजा र तेस्रो दिन रथ फर्काउने चलन छ ।

## भूल सुधार

मिति २०८२ मंसिर १५ गते सोमबार यस साझाकुरा राष्ट्रिय दैनिकको पृष्ठ ४ मा प्रकाशित श्री महाकाली आधारभूत विद्यालय, भीमफेदी-३, इक्चुङको शिक्षक आवश्यकता विज्ञापनको ***प्रकाशित मिति: २०८२/०८/१४ गते*** हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ । *-सम्पादक*


## श्री मालपोत कार्यालय मकवानपुरबाट
## मिति: २०८२/०८/१५ मा जारी भएको छुट जग्गा दर्ता
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

***निवेदक-*** *केशव राज पाण्डे (आफैं)* ***जग्गावाला-****केशव बहादुर पाण्डे (आफैं)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ४ को तपशिलको जग्गा भोर्ले मौजाको रैती नं. १५ को रैती हिरण्य बहादुर पांडे क्षेत्रीको नाममा साविक भोग लगत कायम भइ निजका छोरा केशव बहादुर पाण्डेको नाममा नाप नक्सा तथा फिल्डबुक कायम भई दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवाला केशव बहादुर पाण्डे र निवेदक केशव राज पाण्डे फरक-फरक नाम भएता पनि एकै व्यक्ति भएको साथै निजको बुवा हिरण्य बहादुर पांडे क्षेत्री र हिण्य बहादुर फरक-फरक नभई एकै व्यक्ति भएको र निज जग्गावाला केशव बहादुर पाण्डे क्षेत्रीको मिति २०२८/०८/०७ मा मृत्यु भएको र निजको हकखाने निजकी एक मात्र पत्नि बद्रि कुमारी पाण्डेको पनि मिति २०७४/११/२८ मा मृत्यु भईसकेको र निजहरको शेषपछि हकखाने हकदारहरु एकमात्र छोरा जग्गावाला निवेदक केशव राज पाण्डे तथा ३ जना छोरीहरु भएकोमा विवाहदान भई पर घर गइसकेकोले उल्लेखित तपशिलका जग्गा साविक देखि हाल सम्म निरन्तर रुपमा निज जग्गावाला निवेदक केशव बहादुर पाण्डे भन्ने केशव राज पाण्डेले नै साविक नापीको समय देखि हाल सम्म निरन्तर भोग चलन गरी हकभोग गरी आएकोले निवेदक केशव राज पाण्डेको नाममा एकलौटी छुट जग्गा दर्ता गरी पाउँ भनि हेटौडा उपमहानगर पालिका १८ नं. वडा कार्यालयको च.नं. १४२२ मिति २०८२/०८/०७ को हकभोग एवं फिल्डबुकवाला केशव बहादुर पाण्डे र निवेदक केशव राज पाण्डे फरक-फरक नाम भएता पनि एकै व्यक्ति भएको साथै निजको बुवा हिरण्य बहादुर पांडे क्षेत्री र हिण्य बहादुर फरक-फरक नभई एकै व्यक्ति भएको समेत खुलेको छुट जग्गा दर्ता तथा नामसारी सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, मृत्यु दर्ता प्रमाण पत्र, साविक भोग लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि.नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | केशव बहादुर पाण्डे गा.पं. हटिया वडा नं.-४ बुवा-ह्रिण्य बहादुर बाजे-उदयबहादुर | हटिया | ४ | ९३३ | १-६-६ | केशव राज पाण्डे | जि.म.हटिया पं. मौजा भोर्ले को रैती नं. १३ को रैती हिरण्य बहादुर पांडे क्षेत्री |

*ईति संवत २०८२ साल मंसिर महिनाको १५ गते रोज २ शुभम्..................।*



## २७औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०७/१२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम २७औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौ ।

**साधारण सभा हुने** :
मिति: २०८२/०९/२६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: हेटौडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरु**:

१. संरक्षक श्री महालक्ष्मी उपाध्याय डिनाज्यूको सम्बोधन सम्बन्धमा ।
२. साधारण सभाको बैधानिकता सम्बन्धमा ।
३. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
४. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
५. वार्षिक प्रगती एवं भावी नीति कार्यक्रम सहितको सचिवज्युको प्रतिवेदन सम्बन्धमा ।
६. कोषाध्क्षज्यूबाट आ.ब.२०८१/२०८२ को लेखापरिक्षकज्युबाट तयार पारेको वित्तीय विवरण सहित ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.२०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. आ.व. २०८२/०८३ को साधारण सभा पूर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
१०. आ.व. २०८३/०८४ को साधारण सभा पूर्वको पेश्की बजेट सम्बन्धमा ।
११. विनियम २०५५ र आर्थिक तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा ।
१२. आ.व.२०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१३. नियमनकारी निकायको निर्देशनका सम्बन्धमा ।
१४. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
१५. संस्थाको आवश्यकता अनसार घर घडेरी खरिद एवं बिक्री अख्तियारी सम्बन्धमा ।
१६. समितिको बैठक तथा अन्य सुबिधा निर्धारण सम्बन्धमा ।
१७. संचालक समिति र लेखा सुपरिवेक्षण समितीको निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१८. संस्था संचालनमा अग्रिम कार्यादेश सम्बन्धमा ।
१९. बिबिध ।

(**नोट**: २०८१ सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोरा छोरीहरुलाई पुरस्कृत गरिने हुदा मिति २०८२/०९/१५ गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा संस्थाद्वारा उत्पादित शुद्ध तोरीको तेल प्रति सदस्य २ लिटर प्रदान गरिनेछ ।)

इश्वर पण्डित
सचिव

**दिव्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, पल्पसा रोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना